ABHIYAN WEEKLY-2040 · राष्ट्रियता र राष्ट्रिय अखण्डताका लागि · अभियान साप्ताहिक-२०४० काठमाडौँ

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ३ | २०७० साउन १८ गते शुक्रबार (Aug. 2, 2013) | मूल्य रू. १०/-

## क्षेत्र निर्धारण आयोगले सामधान नदिने

काठमाडौँ । सरकारले गठन गरेको क्षेत्र निर्धारण आयोगले संवैधानिक अंग र राजनैतिक दलहर विच सहमती हुन नसकेका कारण २०६४ सालको संविधानसभामा कायम गरिएको निर्वाचन क्षेत्र २ सय ४० लाई नै कायम गराउनु पर्ने निष्कर्ष सहितको प्रतिवेदन सरकारलाई बुझाउने भएको छ । क्षेत्र निर्धारण आयोगको आग्रह अनुसार उच्चस्तरीय राजनैतिक संयन्त्रमा क्षेत्र निर्धारण सम्बन्धी कुरा पुऱ्याइएता पनि संयन्त्रले समेत कुनै सामधान निकाल्न नसकेपछि आयोगले त्यस्तो प्रतिवेदन बुझाउन लागेको हो ।

पछिल्लो जनगणना २०६८ अनुसार जनसङ्ख्या बढेका क्षेत्रमा क्षेत्र बढाउनु पर्ने र घटेको जिल्लामा क्षेत्र पनि घटाउनु पर्ने भएपनि अन्तरिम संविधानका कतिपय धाराहरू बाझिएका हुनाले (**बाँकी अन्तिम पेजमा**)

# प्रचण्ड र वैद्यको भाले भीडन्त

काठमाडौँ । चुनावको मिति र सरकार परिवर्तन बाहेक सबै सर्तमा वार्ता गर्न सकिन्छ, गोलमेच सम्मेलन पनि गर्न तयार छौं भनेर चार दलले पठाएको दुई थान निम्तोलाई नेकपा-माओवादीले खारेज गरिदिएपछि निर्वाचन आयोगले ब्यालेट बक्स फोड्ने वैद्य समूहलाई कारबाही गर्ने धम्की दिएको छ । खिलराज रेग्मी सरकारले निर्वाचन मंसिर ४ मै गर्ने, जसले विथोल्छ उसमाथि बल प्रयोग गर्ने वक्तव्यबाजी गरेको छ भने चार दलीय संयन्त्रका अध्यक्ष प्रचण्डले अब निर्वाचन रोकिन्न, निर्वाचन नभए देशै





रहन्न भन्ने प्रतिक्रिया दिएका छन् ।

यसैबीच वैद्य पक्षलाई तर्साउन प्रचण्डले एक बुथ १० युथ खटाइन्छ भने वाईसिएल १० हजार खटिन्छन्, चुनाव विरोधीलाई सिध्याइदिनुस् भनेर प्रचण्डले आतंक फैलाइदिएका छन् । वैद्य पक्षले निर्वाचन विथोल्न युवाहरूलाई सशस्त्र तालिम दिएर खटाएको र प्रचण्डले वाईसिएललाई सिध्याउन निर्देशन दिएको देख्दा मंसिर ४ मा निर्वाचन होइन, प्रचण्ड र मोहन वैद्यबीच भाले भीडन्त अर्थात् मल्लयुद्ध हुने खतरा देखिएको छ ।

वैद्य पक्ष चुनावमा आए आफ्नो करीहार हुने देखेर प्रचण्ड जसरी भए पनि कि वैद्यलाई कि चुनाव रोक्न खोजिरहेका छन् । त्यसैकारण वैद्यले राखेका ११ बुँदै सहमति, २५ बुँदे संविधान संशोधन, राजनीतिक सम्मेलन, खिलराजको राजीनामा र दलीय

(**बाँकी अन्तिम पेजमा**)

## मधेसी मोर्चाभित्र गद्दार पस्यो

काठमाडौं । बुधवार मधेसी मोर्चाको बैठक बसिरहेको थियो तर त्यो मोर्चाको बैठकमा सद्भावनाका राजेन्द्र महतो सहभागी भएनन् । आफ्नो पार्टीका नेताहरूसँग वार्ता गरिरहेका महतोले त्यहाँ पुगेका पत्रकारसँग भने- महन्त ठाकुर र विजयकुमार गच्छदार मधेसी मोर्चाका लागि आत्मघाती हुन् । त्यस्ता गद्दारहरूले गरेको बैठकमा म सहभागी हुन्न । उता मोर्चाको बैठकमा राजेन्द्र महतो किन आएनन् भनेर सामान्य चर्चा भयो, टेलिफोन गरियो तर महतो व्यस्त भएको भन्ने खबर पाएपछि मोर्चाले मंसिर ४ मै निर्वाचनमा जानुपर्छ, यसका लागि एक महिना छुट मतदाताहरूलाई मतदाता सूचीमा दर्ता हुने अवसर दिनुपर्छ भन्ने निर्णय गरेर सकिएको छ । (**बाँकी अन्तिम पेजमा**)

## निर्वाचन विरोधीलाई सिध्याउन दाहालको फर्मान

**अभियान संवाददाता**

काठमाडौं । एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले आफ्नो पार्टी बाहेकका अन्य सबै दललाई भेडाको संज्ञा दिएका छन् । दाहालले उक्त कुरा गत शनिबार वाइसिएलको काभ्रेको तेस्रो जिल्ला सम्मेलनलाई सम्बोधन गर्ने क्रममा बताएका हुन् ।

दाहालले संविधानसभाको दोस्रो निर्वाचन भाँड्न खोज्ने र निर्वाचन विथोल्न आउने दलका नेता तथा कार्यकर्ताहरूलाई सिध्याउन निर्देशन दिँदै अहिले गाउँमा निर्वाचन विथोल्न छट्टु स्याल र ब्वाँसाहरू शहर हुँदै गाउँ पस्न लागेका हुनाले उनीहरूलाई सिध्याउन निर्देशन दिएपछि एमाओवादी र उसैबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीबीच मुठभेडको अवस्था सिर्जना भएको छ । चुनाव भाँड्न अन्य दलले एउटा बुथमा १० जना राखे १० हजार वाईसिएल राख्न बाईसिएललाई आग्रह गरेर त्यसै अनुसार तयार रहन निर्देशन पनि दिएका छन् । सम्मेलनमा बोल्ने क्रममा अध्यक्ष दाहालले आफ्ना कार्यकर्ताहरूलाई बुद्ध पनि बन्न र निर्वाचन भाँड्नेहरूलाई प्रतिकार स्वरूप सिध्याउन आजदेखि प्रतिकारमा उत्रन निर्देशन दिएका हुनाले निर्वाचनमा रक्तपात मच्चिने सम्भावना बढेर गएको छ ।

नेकपा-माओवादीसहितका अन्य ३३ दल र उप्रेन्द्र यादवले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम नेपालसहितका अन्य ८ दल र अशोक राईले नेतृत्व गरेको संघीय समाजवादी पार्टीले उठाएका मागहरू सम्बोधन गर्नुको बदला उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक समेत रहेका दाहालले त्यस्तो अभिव्यक्ति दिनु स्वयं एमाओवादी नै निर्वाचनमा जान नचाहनु हो । चार दलीय सिन्डिकेटको खारेजी र सबैलाई स्वीकार्य हुने राजनैतिक व्यक्तिको नेतृत्वमा सरकार गठन हुनु पर्दछ भन्ने माग पुरा गर्नुको बदला प्रतिकारमा उत्रनु र सिध्याउन निर्देशन दिनुले के संकेत गर्दछ ?

१० वर्षे युद्धमा सँगै लडेका व्यक्तिहरूलाई अहिले सिध्याउ भन्नु कहाँको न्याय हो ? बुहदलीय व्यवस्थामा निर्वाचन बहिस्कार गर्नु पनि न्यायोचिन नै ठहरिन्छ । आफैंले उठाएका मागहरू सम्बोधन नभएको खण्डमा निर्वाचन बहिस्कार गर्न पाउनु दलकहरूको राजनीतिक स्वतन्त्रता र अधिकारको कुरा हो । निर्वाचनमा सबै दलले सहभागिता जनाउनै पर्दछ भन्ने छैन । तर निर्वाचनमा भाग लिँदैनौं र निर्वाचन बहिस्कारको पक्षमा जनतालाई सजग गर्न गाउँ गाउँ जान्छौँ भन्ने दलका नेता तथा कार्यकर्ताहरूलाई

(**बाँकी अन्तिम पेजमा**)

## भाद्र ४ भित्रमा सहमति नभए चुनाव असम्भव

**अभियान संवाददाता**

काठमाडौं । खिलराज रेग्मी नेतृत्वको सरकार र चार दल जसरी भएपनि मंसिर ४ गते निर्वाचन गराउन लागिपरेका छन् भने नेकपा-माओवादी जसरी भएपनि निर्वाचन हुन नदिने उद्घोषका साथ चुनाव बहिष्कारको नारा दिँदै आफ्ना कार्यकर्ताहरूलाई त्यसै अनुसारको प्रशिक्षण दिँदै आएको छ । मंसिर ४ मा गर्ने भनिएको निर्वाचनका लागि निर्वाचन आयोगले केही दलहरूलाई चुनाव चिन्ह वितरण गरिरहेको दिन नेकपा-माओवादीले भने निर्वाचन आयोग भन्दा एक किलोमिटर भन्दा पनि कम रहेको रत्नपार्कमा नक्कली मतपेटिका फुटाएर निर्वाचन बहिष्कारको सुरूवात गरेको हुनाले आउँदो मंसिर ४ गते निर्वाचन होला ! यदि नेकपा-माओवादीसहितका अन्य केही



दलले भाग नलिए त्यसले कस्तो परिणाम ल्याउला भनेर जनमानसमा कौतुहलता उब्जिएको छ ।

(**बाँकी अन्तिम पेजमा**)

## निर्वाचनका लागि विदेशी हस्तक्षेप आपत्तिजनक



काठमाडौँ । नेपाली काँग्रेसका केन्द्रीय सदस्य शेखर कोइरालाले संविधानसभाको दोस्रो निर्वाचन नेपालको आन्तरिक मामला भएकाले यसमा अन्तर्राष्ट्रिय समुदायले हस्तक्षेप गर्नु आपत्तिजनक भएको बताएका छन् । कसैको विरोध र बहिष्कारले निर्वाचन नरोकिने र जसरी भए पनि निर्वाचन सफल पार्नुपर्ने जस्ता अभिव्यक्ति अन्तर्राष्ट्रिय समुदाय र कूटनैतिक क्षेत्रका व्यक्तिहरूबाट आउनु नेपाल र नेपाली जनतामाथिको ठाडो हस्तक्षेप भएको हुनाले त्यस्ता आपत्तिजनक कार्यहरू अविलम्ब रोकिनु पर्ने बताएका छन् । जिल्ला, गाउँ घुम्दै कसैको पक्ष र विपक्षमा लविङ गर्ने कूटनीतिक (**बाँकी अन्तिम पेजमा**)

## राप्रपा नेपालको प्रमुख एजेण्डा राजासहितको लोकतन्त्र



काठमाडौं । राजासहितको लोकतन्त्र- राप्रपा नेपालको चुनवी एजेण्डा हो । अध्यक्ष कमल थापाले आम जनतालाई स्पष्ट हुन आग्रह गर्दै भनेका छन्, कृत्रिम रूपमा राजसंस्था हटाएका कारण परिवर्तन संस्थागत भएन, संविधानसभा विघटन भयो-संविधान बनेन, मुलुक संकटको चक्रब्यूहमा फस्यो ।

देशव्यापी संगठन विस्तार र चुनावी माहोल

(**बाँकी अन्तिम पेजमा**)

## चुनाव कसैलाई चाहिएको छैन !!

*शाश्वत शर्मा*

मंसिर ४ मा संविधानसभा-२ का लागि निर्वाचन हुन्छ, त्यसपछि संविधानसभा-२को गठन भई त्यसले संविधानको निर्माण गर्छ भनेर पर्खी बसेका नेपालीहरू अब चैं सशंकित हुन थालेका छन् । हिजोसम्म निर्वाचन नै हो अहिलेको एकमात्र 'ओखती' भनेर बसेकाहरू अब निर्वाचन तिर होइन कि, मुलुक द्वन्द्वतिर लम्केको अनुभव गर्न थालेका छन् । खासगरी निर्वाचन पक्षीय दलहरू र यथास्थितिमा निर्वाचन गर्नै हुन्न भन्ने निर्वाचन विराधी दलहरूका बीचमा संवादबाट मात्र होइन कि, भौतिक रूपमै द्वन्द्व सुरू भइसकेपछि मुलुकमा निर्वाचन होला अनि सर्वमान्य संविधानको निर्माण भई मुलुक शान्ति, विकासतिर अग्रसर होला भन्ने आशा लिएर बसेका केही नेपालीहरू अब फेरि नेपाली-नेपालीका बीचमा काटामारको स्थितिको पुन:सिर्जना भयो भन्दै चिन्तित हुन थालिसकेका छन् । जसरी पनि मंसिर ४ मा निर्वाचन गराउँछौँ- गराउँछौं 'भन्नेहरू र जसरी पनि मंसिर ४ को निर्वाचन विथोल्छौं विथोल्छौं' भन्नेहरूको आपसी टकरावलाई अस्ती मंगलबार यही ललितपुरको कुपन्डोलमा निर्वाचन विरोधी भित्ते लेखनका क्रममा भएको देख्नेहरूले यो 'क्रम' अझ बढ्दै जाने र यसले मंसिर ४ मा हुने भनिएको निर्वाचनलाई स्थगित गराउने छ भनेर लख् काट्न थालिसकेका छन् । त्यसो त, यो निर्वाचन स्थगित गराउन वैद्य समूह र उसको पछिपछि लागेका (करिब) पच्चिस दल र उपेन्द्र यादवहरू मात्रै कहाँ जिम्मेवार हुन्छन् र ? त्यो मंसिर ४ मै निर्वाचन हुनुपर्छ भनेर साखुल्ले भई कुर्लनेहरू पनि त्यत्तिकै जिम्मेवार हुनेछन् । किनभने निर्वाचन दुवैथरीलाई चाहिएकै छैन । अब कसले चैं बुझेको छैन र- भड्काएको र भड्किएको भनेर ? एउटा चैं भड्काउने ? अर्को चैं भड्किने ? ..अनि मंसिर ४ को निर्वाचन मात्रै होइन कि अनन्तकालसम्म



निर्वाचन नगराएर यसरी नै विभिन्न बहानामा निर्वाचन टार्दै जाने !! क्या काईदा ? अझ अर्को रमाइलो बहानामा परेका छन्- (पूर्व)राजा ! भोली चुनाव स्थगित गराउनका लागि (पूर्व)राजालाई पनि एउटा 'गतिलो बहाना'का रूपमा

(**बाँकी अन्तिम पेजमा**)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# निर्वाचन त गराउने तर कसरी ?

*नेकपा-माओवादीले अहिलकै अवस्थामा निर्वाचन हुन नसक्ने ठहर गर्दै सक्रिय रुपमा निर्वाचन वहिस्कार गर्ने उद्घोष गरिरहेका बेला प्रमुखदल भनिएका कथित् ठूला दलहरुले चुनावी अभियानलाई तिव्रता दिन थालेका छन् । नेकपा-माओवादी सहित अन्य केही दलहरु गत फागुन ३० गते गरिएको. ११ बुँदे राजनैतिक सहमति र त्यही सहमति अनुसार चैत १ गते गरीएको. २५ बुँदे संविधानको बाधा अड्काउ फुकाउ धारा १५८ मार्फत संविधान संसोधनको प्रकृयाकै विरोधमा रहेका बेला एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले सहित केही मधेसवादी दलहरु चुनावी प्रकृयामा अगाडि बढे पनि अहिलेकै अवस्थामा निष्पक्ष र धाँधलीरहित निर्वाचन हुन्छ भन्ने कुरामा जनताले विश्वास गर्न सकिरहेका छैनन् । निर्वाचन प्रकृयालाई अगाडि बढाएका दलका नेताहरु केन्द्र छोडेर जिल्ला जिल्लामा जान थालेपनि जनतामा निर्वाचनप्रति उत्साह जगाउन सकिरहेका छैनन् । नेकपा-माओवादी सहितका अन्य असन्तुष्ट दलहहरुलाई सहमतिमा नल्याएको खण्डमा स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन हुने कुरामा विश्वास गर्न सकिने आधारहरु न त खिलराज रेग्मीले निर्माण गर्न सकेका छन् नत राजनैतिक दलहरुले नै ।*

*निर्वाचन प्रकृयामा अगाडि बढेका दलहरुले निर्वाचन घोषणा पत्र तयार गर्न थालेका छन् । चुनाव लक्षित भेला सभा सम्मेलन र गोष्ठी, प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन हुन थालेका छन् । विस्तारै निर्वाचनको माहोल बन्न थालेको जस्तो देखिए पनि जनतामा भने निर्वाचनको कुनै उत्साह देखिएको छैन । निर्वाचनको अनिश्चितताले गर्दा मुलुकको राजनीतिलाई थप अप्ठ्यारो बनाइरहेको बेला चुनावी प्रकृया अगाडि बढ्न सक्ने देखिएता पनि सकारात्मक माहोल भने बन्न सकेको छैन । केही दिन अघिसम्म पदीय झगडामा अलमलिएका एकिकृत नेकपा माओवादीले देशव्यापी रुपमा चुनावी अभियान सञ्चालन गर्न थालेको छ । एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले निर्वाचन विथोल्न खोज्नेलाई ठीक पार्न वाइसिएल लगायत आफ्ना कार्यकर्ताहिरुलाई कडा निर्देशन दिएका हुनाले उसले चुनावलाई जीवनमरणको सवाल बनाएको जस्तो देखिएको छ । बहुदलिय व्यवस्थामा चुनाव वहिस्कार गर्नु विपक्षीहरुको धर्म नै हो । तर सरकार समर्थित दलका नेताले नै निर्वाचन विथोल्न खोज्नेलाई ठीक पार्न निर्देशन दिनु कुनै हालतमा पनि उचित भन्न सकिदैन । त्यसले चुनावी माहोल बन्दैन बरु उल्टो बिग्रिन्छ । एमाओवादीले पनि देशभर नै आफ्ना कार्यकर्ताहिरु परिचालन गरेर सभा, गोष्ठी प्रशिक्षण गर्ने जनाएको छ भने नेकपा एमाले र नेपाल कांग्रेस समेत त्यस्तै कार्यक्रमहरु लिएर जिल्ला जिल्लामा जान थालेका छन् । केही मधेसवादी दलहरु पनि चुनावी अभियानमा सकृय भएपनि केही मधेसवादी दलहरु भने आफ्ना मागहरु सम्बोधन नगरिएको खण्डमा निर्वाचन हुनै नदिने अडानमा रहेका हुनाले निर्वाचनको माहोल निर्माण गर्न खिलराज रेग्मी सरकार र कथित ठूला भनिएका दलहरुले कुनै कसुर बाँकी राख्नु हुँदैन । मंसिर ४ गते गर्ने भनिएको निर्वाचन सरकार र चार दलका नेताहरुले भने जस्तो जसरी पनि गराएको खण्डमा त्यस्तो निर्वाचनले समस्याको समाधान गर्न सक्दैन ।*

*संविधानसभाको निर्वाचन संविधान निर्माण गर्नका लागि गरिने भएको हुनाले सो निर्वाचनमा सबै दलहरुको सहभागीता अनिवार्य सर्त हो । नेकपा-माओवादी, मधेसी जनाधिकार फोरम नेपाल संघीय समाजवादी पार्टी लगायतका अन्य पार्टीहिरुलाई बाहिर राखेर संविधानसभाको निर्वाचन गरिएता पनि त्यो संविधानसभाले संविधान निर्माण गर्न सक्दैन । संविधानसभाको निर्वाचन हुनलाई उत्पन्न भएका सबै समस्याको समाधान गर्नु नै निर्वाचनको सुनिश्चितता हो । असन्तुष्ट पक्षका सबै मागहरु सम्बोधन गर्न नसकिए पनि केही मागहरु सम्बोधन गर्न सकिन्छ । ती मागहरु तत्कालै पुरा गरिनु पर्दछ । केही मधेसवादी दलहरुले खिलराज रेग्मीले प्रधान्यायधीशबाट राजीनामा दिनु पर्ने सर्त अगाडी सारेका छन् । चारदलले रेग्मीलाई तत्कालै प्रधानन्यायाधीशबाट राजीनामा गराउने हो भने असन्तुष्टदलहरुको सङ्ख्या घट्न सक्छ र निर्वाचनको माहोल समेत बन्न सक्छ, त्यसतर्फ चारदलले किन नसोच्ने ?*

*यतिबेला मुलुक ठूलो समस्यामा फसेको छ । मुलुकलाई यो सकंटबाट निकाल्ने एकमात्र उपाय हो, निर्वाचन । निर्वाचनको विकल्प छैन तर विकल्प छैन भन्दैमा जनता जनता बीच मारकाट हुने र दलहरु एक अर्का प्रति भिड्ने अवस्था ल्याउनको लागि निर्वाचनको आवश्यकता छैन । अहिले राष्ट्रियता कमजोर बनाइएको छ । लोकतन्त्र संस्थागत गर्न दलहरु असक्षम र नालायक भएका छन् । समावेशी मुद्दाहरु सम्बोधन भएका छैनन् । निर्वाचन यी सबै समस्याहरु समाधानका लागि हुनु पर्दछ । यदि ठूलो सङ्ख्यामा रहेका दलहरुले निर्वाचनमा भाग नलिएको खण्डमा माथि उठाइएका कुनै पनि मुद्दाहरु सम्बोधन हुन नसक्ने भएको हुनाले त्यस्तो निर्वाचनको औचित्य के ? तसर्थ सबै मुद्दाहरु सम्बोधन गर्न सबै नेपालीलाई एक सूत्रमा बाँध्न मात्र निर्वाचनको आवश्यकता हो भने हामीले ठानेका छौं । निर्वाचनका लागि रेग्मी र चार दल कुनै हालतमा पनि बाधक बन्नु हुँदैन भन्ने हाम्रो ठहर रहेको छ ।*

# चारदलीय सिन्डिकेट र वैद्यको अडान

■ **देवेन्द्र चुडाल**

राजनीति कहिल्यै पनि आफैँमा सफल र असफल हुँदैन । त्यसलाई संचालन गर्ने व्यक्ति कस्तो छ, उसको नियतमा राजनीतिले समाजमा प्रभाव पार्ने गरेको देखिन्छ । राजनीति अमूर्त हो त्यो आफैँमा कहिल्यै पनि पूर्ण हुन सक्दैन । त्यसलाई प्रयोग गर्ने प्रयोगकर्ताहरूले त्यसलाई पूर्णता दिएका हुन्छन् । एउटा फटाहा र ठग व्यक्तिलेसमेत राजनीतिमा हात हालेमा समाजले त्यही ठग र फटाहाका कारण दुःख कष्ट पाउन सक्छ । राजनीति भनेको बाङ्गोटिङ्गो जस्तो पनि हुन सक्छ, त्यसलाई सही तरिकाले उपयोग गर्न सक्ने व्यक्ति नै सही राजनीतिज्ञ ठहरिन्छ । राजनीतिमा कहिल्यै पनि कोही सधैँभरीका लागि मित्र या शत्रु रहन सक्दैनन्, यो विश्वव्यापी सिद्धान्त हो । विश्वमा राजनीतिका नाममा धेरै ठूला ठूला प्रयोगहरू भएका छन् । एक समयमा एउटै थालमा खाना खाने व्यक्तिहरूसमेत राजनीतिकै कारण दुश्मन बनेका थिए । तर राजनीति नै त्यस्तो वस्तु हो जसले जस्तोसुकै शत्रुलाई पनि वार्ताको माध्यमबाट एउटै स्थानमा ल्याइपुऱ्याउन सक्ने अवस्था सिर्जना गरेका धेरै उदाहरणहरूसमेत रहेका छन् । पछिल्लो समयमा हाम्रो राजनीति कुन दिशातिर गइरहेको छ ? त्यसले समाजलाई कस्तो प्रभाव पारिरहेको छ भनेर अब आफूहरूलाई राजनीतिको ठेकेदार सम्झनेहरूले आत्मालोचना गर्दै आफैँले आफ्नो मूल्यांकन गर्ने अवस्था आएको छ । हिजो सँगै १० वर्ष जनयुद्ध लडेका व्यक्तिहरू अहिले एउटाले अर्काको विरूद्ध विष वमन गर्न थालेका छन् । एउटा पक्षले अर्को पक्षलाई सिध्याउन निर्देशन दिएका छन् भने अर्को पक्षले त्यस्ता निर्देशन दिनेहरूका विरूद्ध आवश्यक परे वन्दुक उठाउन सक्ने उद्घोष गर्दै सोही अनुसार कार्य गर्न आफ्ना कार्यकर्ताहरूलाई निर्देशन दिइनुले मुलुकको राजनीति कतातिर जाँदैछ र त्यसले नेपाली समाजलाई कहाँ पुऱ्याउँछ भन्ने चिन्ता लिनु पर्ने अवस्था देखिएको छ ।

केहीदिन पहिला एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले निर्वाचनको विरोध गर्ने व्यक्तिलाई सिध्याउन आफ्ना कार्यकर्तालाई निर्देशन दिएपछि नेकपा-माओवादीका नेताहरूले त्यसको प्रतिरोध गर्न आफ्ना कार्यकर्ताहरूलाई निर्देशन दिएका छन् । एमाओवादी अहिलेकै अवस्थामा खिलराज रेग्मी सरकारलाई प्रयोग गरेर निर्वाचनमा जान चाहेको जस्तो देखिए पनि एमाओवादीका नेताहरूको अभिव्यक्ति सुन्दा ऊ भित्रि रूपमा निर्वाचनमा जान चाहँदैन भन्ने प्रष्ट रूपमा देखिएको छ । देखाउनका लागि उसले सबै निर्वाचन क्षेत्रमा चुनावी अभियान सञ्चालन गरेपनि चुनावी अभियानबाटै उसले पार्टीको प्रभाव र जित-हारको अवस्था बुझ्न भित्रिरूपमा निर्देशन समेत दिएको छ । नेकपा-माओवादीले निर्वाचनमा भाग नलिएको खण्डमा नेकपा-माओवादी समर्थक, कार्यकर्ता र जनताले आफ्नो पार्टीलाई मतदान गर्न सक्ने अनुमान गरेर निर्वाचनमा उ जान चाहे पनि पछिल्लो समयमा नेकपा-माओवादी सथर्मकले एमाओवादीलाई मत नदिने गोप्य सूचना एमाओवादीले पाएको हुनाले उ हारको अवस्थामा भएकाले देखावटी रूपमा मात्र निर्वाचनको नाटक गरिरहेको आभास पाउन थालिएको छ । नेकपा-माओवादीलगायतका अन्य केही दलहरूले अहिलेकै अवस्थामा निर्वाचनमा भाग नलिने भन्दै सक्रिय रूपमा निर्वाचन बहिष्कार गर्ने रणनीति अपनाएर सोही अनुरूपका कार्यक्रमहरू सञ्चालन गरिरहेका भएपनि नेकपा-माओवादीलगायतका अन्य दलहरूसँग निर्वाचन नै भाँड्ने वा विथोल्ने शक्ति नभएको सुरक्षा सुत्रले आफ्नो रिपोर्टमा उल्लेख गरेपछि निर्वाचन विथोल्ने नेकपा-माओवादीसहितका अन्य दलहरूले अब अर्को नयाँ रणनीति बनाएर सोही अनुसार अगाडि बढ्ने उद्घोष गरेका हुनाले मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनमा ज्यादै कम मात्र मतदान हुन सक्ने सम्भावना बढेर गएको छ । भरिसक्य मंसिर ४मा निर्वाचन नै हुँदैन, यदि जबर्जस्ती भइहाले पनि ज्यादै कम मात्रामा मतदान हुने सम्भावना भएको हुनाले त्यसले सही रूपमा समस्याको समाधान हुन सक्दैन ।

कथित ठूला दल भनिएका एमाओवादी, कांग्रेस, एमाले र संयुक्त मधेशी मोर्चा एवं खिलरजा रेग्मी नेतृत्वको सरकारले नेकपा-माओवादीलगायतका अन्य केही दलहरूलाई जबर्जस्ती रूपमा निर्वाचन विरोधीको संज्ञा दिने प्रयास गर्नु आफैँमा आपत्तिजनक रहेको छ । मोहन वैद्यले नेतृत्व गरेको नेकपा-माओवादीले आजका दिनसम्म पनि निर्वाचनको विरोध गरेको छैन । केवल उनीहरूले गत फागनु ३० गते चारदलबीच भएको ११ बुँदे सहमति र त्यही सहमतिको आधारमा चैत्र १ गते गरेको संविधानको बाधा अड्काउ फुकाउ धारा १५८ मार्फत् संविधानका २५ वटा प्रावधान संशोधन गरिएकोप्रति मात्र आपत्ति जनाएका हुन् । साँचो अर्थामा भन्ने हो भने संविधान संशोधन गर्ने अधिकार जनता र संसद बाहेक अन्य कसैलाई हुँदैन । हत्या गरिएको संविधानसभामा उपस्थित भएका ३३ दल मध्येका ४ दलले मात्र संविधान संशोधन गर्ने निर्णय गरेर त्यही निर्णयलाई राष्ट्रपतिबाट पारित गर्न लगाउनु संविधानको धज्जी उडाउनु नै हो । वैद्यले उठाएका माग अन्य कुनै दलले नउठाएको विषयमा वैद्यले उठाएका हुनाले कथित ठूला दल भनिएका दलहरूले आफ्नो गल्ती स्वीकार गर्दै त्यसलाई स्वागत गर्नु पर्नेमा उल्टो उनीहरूलाई निर्वाचन विरोधीको संज्ञा दिनु कति उचित हुन्छ ? चार वर्षसम्म पनि संविधान निर्माण गर्न असक्षम र असफल भएका तिनै दलका नेताहरूले फेरि संविधानसभाको निर्वाचनको कुरा उठाउनु जनतालाई ढाँट्नु बाहेक अन्य केही हुन सक्दैन । चार वर्षसम्ममा किन र कसका कारण संविधान निर्माण भएन ? संविधान निर्माणका बाधकहरू के के हुन् ? अब संविधान निर्माण हुन्छ भन्ने ग्यारेन्टी के ? संघीयता कस्तो हुने ? कार्यकारी अधिकार कसमा रहने, राष्ट्रपति प्रत्यक्ष निर्वाचित हुने कि अप्रत्यक्ष ? प्रदेशहरू कति हुने ? संसदको संख्या कति हुने, प्रदेशहरूको नामाकरण कसरी हुने, कुन मोडलको संघीयता हुने ? जस्ता कुराहरूमा आजसम्म दलहरूबीच छलफल र बहस नै भएको छैन । चार वर्षसम्ममा संविधान निर्माण हुन नसकेका यिनै विषयहरू हुन् । अहिले यिनै विषयका सम्बन्धमा कुनै छलफल र बहसै नभएको हुनाले कथमकदाचित निर्वाचन भइहाले पनि भोली यिनै विषयमा दलहरूबीच विवाद उत्पन्न हुने र संविधान निर्माण नहुने अवस्था आउँदेन भनेर के दलहरूले जनतालाई विश्वस्त पार्न सक्छन् ?

यिनै चार दल र राष्ट्रपति डा.रामवरण यादवले संविधानको धज्जी उडाएका छन् । नेपालको अन्तरिम संविधान एकै वर्षमा तीन पटक संशोधन भएको छ । २०६३ सालमा जारी भएको अन्तरिम संविधान आजसम्ममा १३ पटक संशोधन गरिएको छ र अब १४ पटक संशोधन गर्ने तरखरमा रेग्मी सरकार पुगेको छ । राष्ट्रपतिलाई संविधानले संविधानको पालक र संरक्षक स्वीकार गरेपनि उनले संविधानको संरक्षण र पालना गर्न सकेनन्, स्वयम् उनले नै संविधानको धज्जी उडाएका छन् । उदाहरणका लागि चार दलले सहमति गरेर संविधान का २५ वटा प्रावधानहरू संशोधन गर्न राष्ट्रपतिलाई आग्रह गरे, तिनै चार दलको आग्रहलाई राष्ट्रपतिले स्वीकार गरेर संविधान संशोधन भएको सूचना जारी गरे । राष्ट्रपतिलाई संविधान संशोधन गर्ने अधिकार नेपालको अन्तरिम संविधानको कुन धारा, उपधारा, दफा र उपदफाले दिएको छ ? चार दलको मात्र सहमतिमा संविधान संशोधन गर्दा कम्तिमा पनि राष्ट्रपतिले हत्या गरिएको संविधानसामा उपस्थित भएका ३३ दललाई सहमतिमा लिएको भए अहिलेको अवस्था नै सिर्जना हुने थिएन । राष्ट्रपति डा.रामवरण यादव सम्पूर्ण दलको वा सबै नेपाली जनताको राष्ट्रपति बन्न सकेनन्, उनी केवल कथित ठूला भनिएका चार दलको मात्र राष्ट्रपति भएका हुनाले अहिलेको समस्याको बाधक राष्ट्रपति समेत हुन् । तत्कालिन प्रधानमन्त्री डा.बाबुराम भट्टराईले संविधानसभाको हत्या गर्दा मौन बसेर राष्ट्रपतिले भट्टराईको गैरकानुनी कदमलाई साथ दिए । विश्वमा प्रचलित सिद्धान्त अनुसार प्रधानमन्त्रीले आफूलाई काम गर्न अप्ठ्यारो परेको अवस्थामा संसद विघटन गर्न पाउने सिद्धान्तको विकास गरेको पाइन्छ भने संधिवानसभाको विघटन स्वयम् संविधानसभाले बाहेक अन्य कसैले पनि गर्न सक्ने सिद्धान्त आजसम्म प्रतिपादन भएको छैन ।

चार वर्षसम्म संविधान निर्माण गर्ने क्रममा गरिब नेपाली जनताले तिरेको करमाथि ब्रम्हलुट मच्चाइयो । विकास निर्माणका कार्यहरू ठप्प भए, जनता भने महँगी, मूल्यवृद्धि, अभाव र गरिबीमा पिल्सिएन बाध्य बनाइए । नेपाली जनताले दुई वर्षको म्याण्डेट दिएर संविधान निर्माण गर्न पठाएका प्रतिनिधिहरूले हत्या हिंसा, लुट, राहदानी विक्री, भ्रष्टाचारमा लिप्त रहे भने अब आउने संविधानसभामा समेत दलहरूले त्यस्तै व्यक्तिहरूलाई ल्याउने हुँदा उनीहरूबाट संविधान निर्माण हुन्छ भन्ने कल्पना गर्नु नै बेकार हुन्छ । विश्वका धेरै देशहरूमा संविधनसभा भन्दा बाहिरबाट पनि संविधान निर्माण भएका छन् । जापानको हालको संविधान एक अमेरिकी जर्नेलले बनाइदिएका हुन् । संविधान निर्माण गर्ने भनेको विज्ञहरूले नै हो । विज्ञहरूलाई ८/१० महिनाको समयसीमा दिएर संविधान निर्माण लगाइएको खण्डमा अवश्य पनि संविधान निर्माण हुन सक्छ । संविधानसभाले नै संविधान निर्माण गर्ने भएपनि पहिला किन भएन, यी सबै कारणहरूले गर्दा अब संविधानसभाको निर्वाचन गर्नुभन्दा स्थानीय निकाय र संसदको निर्वाचन गराएर संसदबाटै विज्ञहरूले बनाएको संविधानमा व्यापक छलफल र बहस गरेर त्यसलाई संसदबाट पारित गरी जनमत संग्रह मार्फत् जनताबाट अनुमोदन गरिएको खण्डमा त्यो संविधान सबै नेपालीको हुन सक्छ । यदि संविधानले सबैलाई समेट्न सकेन भने त्यसले समाधानभन्दा समस्या उत्पन्न मात्र गराउने भएको हुनाले सबै दलको सहमतिमा मात्र निर्वाचन र संविधान बनाउनु नेपाल र नेपाली जनताको हितमा हुनेछ ।

*devendrachudal@gmail.com*

# नेताजति जनताका आँखाका कसिंगर



राजन कार्की

जनप्रतिनिधि जनताका आँखाका नानी बन्नुपर्थ्यो, कसिंगर पो बने । आफैभित्र स्वर्गीय सुवास प्राप्ति गर्न भौंतारिने मृग र राजनीतिक नेताहरूमा कुनै भिन्नता छैन । यिनीहरू जंगली भेडाबर्गमा परेर हो कि राष्ट्रिय जीवन थिलथिलो भइसक्यो, यिनलाई कुनै फरक परेको देखिदैन । ०६३ सालको जनआन्दोलनमा यिनीहरू दाह्रा सिंहजस्ता देखिए जसले राजतन्त्रको जरा हल्लाइदियो र राजतन्त्रलाई जनताका सामु नतमस्तक हुन बाध्य गरायो । त्यसपछि ७ वर्षमा घण्टाघरको सुई अनगिन्तिपल्ट घुम्यो, दाह्रा सिंहजस्ता नेता स्याल सिंहजस्ता पो देखिन थाले । तीतेपातीसम्म भइदिएका भए ओखती हुन्थ्यो, मर्दा पनि काम लाग्थ्यो अथवा भीमसेनपातीसम्म भइदिएका भए चढाउन काम लाग्थ्यो । नेताहरू त जनताको आँखाको कसिङ्गर पो भइदिए । यिनले आफ्ना कद आफ्नै नैतिकहीन व्यवहारले घटाए ।

लोकतन्त्रका हस्तीहरूका विश्वसूचीमा बर्माकी नेतृ आङ सान सुकीको नाम थपियो, त्यो सूचीमा प्रचण्ड, सुशील, झलनाथ वा कुनै नेपालीको नाम छैन । अहिले पनि भनिन्छ, बीपीपछि नेपालमा कुनै राजनेता नै जन्मेन । बीपी बितेको ३० वर्षपछि पनि राजनेताको खडेरी ? रक्तपात भयो, रक्तकुण्ड बने । यति ठूला ठूला परिघटनाबाट राजनेता नजन्मनु भनेको दलाल प्रवृत्ति अथवा राक्षसमात्र जन्मेछ त ? सर्वोत्तम भनेको स्वत्व हो, स्वत्वको समाप्ति हेर्नुपर्दा लाग्छ– जनयुद्ध, जनआन्दोलनबाट खारिएर निस्केका नेताहरू कति निर्लज्ज ? कति घृणास्पद ? नैतिकहीन नेताबाट मुलुक र मुलुकबासीले कतिसम्म प्रताडित हुनुपर्छ भन्ने सुन्नै नसकिने उदाहरण हामी नेपाली र हाम्रो नेपाल बन्न पुगेको छ । एक लेखकले लेखेका थिए– भूतले नासपातीको बियाँ खान्छ । नेताका भ्रष्टाचारी र अपराधिकरणले देशको जरा चपाइदियो । निरङ्कुश भनेर राजतन्त्रलाई चपरीमुनी (नागार्जुन जंगलबास) को बास पठाएर नेताहरू हस्तिनापुरको राज गर्न पुगेका थिए । सुन्दर, शान्त र समुन्नत बनाउलान् भनेर अपेक्षा गरेका जनता आज तिनै नेताहरूको अनुहारमा बाब्राक कर्मालको सर्वसत्तावाद र मार्कोसको अपराधवाद पो देख्न थालेका छन् । गाईको पुच्छर समातेर बैतर्णी तरिन्छ भन्नेमा विश्वास गर्ने नेपाली समाज नेताको पुच्छर समातेर सम्पन्नताको स्वर्ग जान चाहन्थे, नेताहरूले राजयुगको अन्त गरेर राक्षसयुगको सुत्रपात पो गराइदिए । यस्ता नेताहरूलाई दयामात्र गर्न सकिन्छ । प्राध्यापक लोकराज बराल लेख्न बाध्य भए– लोकतन्त्र भनेको भाँडभैलो होइन ।

मुलुकलाई परिवर्तनका साथ व्यवस्थित गर्छौं भनेर अगुवा बनेका यिनीहरू नै हुन् । यिनीहरूका मार्गमा अरू कसैले तगारो पनि तेर्स्याएको थिएन तर परिवर्तनलाई सार्थक स्वरूपमा ढाल्ने कारिगरी काविलपन नेताहरूले देखाउन सकेनन् । नेताहरू आफू–आफूमा झारझार झुरझुर गरिरहे, यिनीहरूभित्रै मत बाझिए, यिनीहरूबीच नै मतभिन्नताको ज्वारभाटा चलिरह्यो । लोकतान्त्रिक दलहरू असरल्ल भएपछि कानुनीराज कमजोर हुनु स्वभाविक हो र मधेसतिर १ सय १० ओटा भूमिगत सशस्त्र समूहहरू बने । यी समूहहरू भारतमा बैठक गर्छन् र नेपालमा आतंक मच्चाएर नेपालको शासनव्यवस्थालाई चुनौति दिइरहेका छन् । अब त कांग्रेसबाट मधेसी नेता बनेका र मधेस जागरण अभियान चलाएका पूर्वमन्त्री जयप्रकाश गुप्तासमेत आतंककारीसँग नाइटो जोडेर भूमिगत भएका छन् । लोकतान्त्रिक शक्ति थियो भने लोकतन्त्रको विरुवा झाङ्गिसक्थ्यो, यस्ता अराजनीतिक शक्तिलाई परास्त गरिसक्थ्यो । क्या गजब, लोकतान्त्रिक दलहरू नै डन पालेर र दस्ता बनाएर लोकतान्त्रिक 'बाहुबली' बनेका छन्, बाहुबली भनेको खुला 'आतंककारी' होइन र ? लोकतन्त्रका चुनौतीहरूसँग जुध्न नैतिक साहस र राजनीतिक अवधारणाको अस्त्र छाडेर निर्बस्त्र हुनसक्ने नेताहरू, हाम्रा भाग्य निर्माता रे ।

बुद्धको देशको इज्जत राख्न सकेनौं । शान्ति शान्ति भनेर अशान्तिको बिउ छर्ने झगडाप्रेमी बनेका छन् नेताहरू । गुम्बामा बसेका गोबरगणेश भनेका यिनै हुन् । सगरमाथाको देशको सम्मान बचाउन सकेनौं । नेताका अदूरदर्शी र 'भाइ' चरित्रले अहं पालेर अहंकार देखाइरहेका छन् । दम्भी बनेर अँध्यारो बोकिरहेका छन् र भन्छन्– उज्यालो दिन्छौं, शान्ति दिन्छौं, सुशासन दिन्छौं, समानता र प्रगति दिन्छौं, नयाँ संविधान–नयाँ नेपाल दिन्छौं । लुट्नेले लुटेका बस्तु लुटिनेलाई फिर्ता दिन्छ भनेर विश्वास गर्न सकिन्न । यस्ता लुटाहरूलाई जनताले पूजा गरेछन् । जनबिरोधीको जननेता अवतार, अब पनि छर्लङ्ग देखिएन र ?

**सुन्दर, शान्त र समुन्नत बनाउलान् भनेर अपेक्षा गरेका जनता आज तिनै नेताहरूको अनुहारमा बाब्राक कर्मालको सर्वसत्तावाद र मार्कोसको अपराधवाद पो देख्न थालेका छन् । गाईको पुच्छर समातेर बैतर्णी तरिन्छ भन्नेमा विश्वास गर्ने नेपाली समाज नेताको पुच्छर समातेर सम्पन्नताको स्वर्ग जान चाहन्थे, नेताहरूले राजयुगको अन्त गरेर राक्षसयुगको सुत्रपात पो गराइदिए । यस्ता नेताहरूलाई दयामात्र गर्न सकिन्छ । प्राध्यापक लोकराज बराल लेख्न बाध्य भए– लोकतन्त्र भनेको भाँडभैलो होइन ।**

परिवर्तनको प्राण भनेको लोकतन्त्र हो भने त्यो कहाँ छ ? जनादेशबाट जन्मिएको संविधानसभाको गला रेट्नेहरूले प्रधानन्यायाधीशलाई सत्ता सुम्पेर निर्दलीय कर्मचारी शासनको आबिष्कार गरे । अझ आश्चर्यको कुरो छ– निर्दलीय शासकमाथि संयन्त्र बनाएर आफू बसे । 'जितना चावी भरा राम ने, उतना चला खिलौना' भन्ने गीतसँग मेल खाने गरेर चारदलीय संयन्त्रको निर्देशनमा पुतली बनेर सिंहदरबारमा बिराजमान छ– प्रधानन्यायाधीश खिलराज रेग्मीको निर्दलीय सरकार । सबैले लोकतन्त्र स्वीकार गरेर २०६४ सालको संविधानसभाको निर्वाचन र संविधानसभामा प्रवेश गरेका हुन् । त्यसपछि आजसम्मका राजनीतिक घटनाक्रमबाट लोकतान्त्रिक आचरण र नैतिकता पटक्कै सकेनन् । लोकतन्त्र नै सबैको साझा राजमार्ग हो भने संविधानसभाले संविधान किन लेख्न सकेन ? संविधानसभा किन बिघटन गरियो ? मंसिर ४ मा हुने भनिएको दोस्रो निर्वाचनका लागि असहमति किन छ ? असन्तुष्टहरू र अन्य शक्तिहरूसँग बसेर तत्काल गोलमेच सम्मेलन किन हुनसक्दैन ? होइन, भूमिगत सशस्त्र समूहजस्तै भूमिबाहिर पनि अलोकतान्त्रिक शक्ति छन् भने तिनीहरूसंग लोकतान्त्रिक र राज्यशक्ति एक भएर भिड्ने र लोकतन्त्रलाई संस्थागत गर्ने राजनीतिक हैसियत र हिम्मत किन शिशा फुटेझैं चकनाचूर अवस्थामा छ ? चुनाव नभए प्रजातन्त्र खत्तम हुन्छ, हामी नभए राष्ट्रवाद पनि रहन्न भनेर राजनीतिक दलहरू कसलाई तर्साइरहेका छन् ? सार्वभौम जनतालाई ? जनता अन्तिम र निर्णायक शक्ति हुन् भनेर मान्न नेताहरू किन तैयार छैनन् ? हाले विश्लेषक सौरभले लेखेका छन्– २५ हजार विदेशी पेरोलमा छन् र २७ हजारको फोन टेपिङ भइरहेको छ । को हुन् पेरोलका २५ हजार, कुन कुन २७ हजारको फोन टेपिङ भइरहेको छ ? यो तथ्याङ्कको यतिबृतान्त सूची सार्वजनिक हुने हो भने नेपाल तुर्लुङ्मा भुण्डिएको छ स्पष्ट हुँदैन र ?

नेताहरूले केको देशभक्तिको फोस्रो फुर्ति लगाउने ? मातृकाप्रसाद कोइरालाले कोशी, वीपीले गण्डकी र जीपीले टनकपुर सन्धि गरेका होइनन् ? कांग्रेसका शेरबहादुर देउवाले नेपालका लागि पश्चिमबाट सूर्य उदाउँछ भन्ने प्रचार गराएर एकीकृत महाकाली सन्धि आधारातमा संसदबाटै पारित गराइदिए । पूर्वपञ्च र कम्युनिष्टहरूले तीन हात उफ्रेर देउवाको साथ दिएकै हुन् । बिरोधमा दरवारिया ठप्पा लागेका कीर्तिनिधि बिष्ट र भक्तपुरे नेमकिपामात्र उभिएका थिए । त्यही महाकालीले आज दार्चुला बगायो, सुदूरपश्चिम जलमग्न भएको छ । कोशी र गण्डकीको बाढीको चपेटामा आधा मधेस चुर्लुम्मै डुबिरहेको छ । नेपालमा कम्युनिष्ट शासन २०५१ सालमा आइसकेको हो । पहिलो संविधानसभाको निर्वाचनपछि प्रचण्ड, माधव नेपाल, झलनाथ र डा.बाबुराम भट्टराईको शासन चलेकै हो । अहिलेको खिलराज रेग्मीको सरकार पनि प्रचण्डकै प्रस्तावमा बनेको हो । अर्थात् २०६४ सालपछि आजसम्म निरन्तर कम्युनिष्ट शासन चलिरहेकै छ । यही शासनकालमा राष्ट्रघाती बिप्पा सन्धि भयो । भारतीयलाई नागरिकता दिने, एयरपोर्टको सम्पूर्ण व्यवस्थापन भारतलाई दिनेमात्र होइन, लुम्बिनी र इलाममा भारतीय सुरक्षा चौकी राख्ने सम्झौता पनि यही कम्युनिष्ट शासनमा भएको छ । डा.बाबुराम भट्टराईले त नेपालको साँचो विदेशमा छ मात्र भनेनन्, नेपाल कि भारत कि चीनतिर मिल्ने दुस्साहसभाव समेत प्रकट गरे । दुईहप्ता अघि भारतका विदेशमन्त्री ९ घण्टा नेपाल आउँदा चार–चार जना पूर्वप्रधानमन्त्री लाइन लागेर भेट्न पुगे । यिनले राष्ट्रियता, स्वाभिमान र लोकतन्त्रको कुरा गर्ने ? माटोको महिमाभन्दा ठूलो केही रहेनछ भन्ने बुझेर ज्यानको बाजी थापेर ०३३ सालमा स्वदेश फर्केका वीपीको समाजवादको दर्शन ज्यूँदै छ कि मरिसक्यो ? मदन भण्डारीको सोच र सिद्धान्तले उनीसँगै त्रिशुलीमा डुबेर आत्महत्या गरेकै हो त ? एमाओवादीको देशभक्तिले दिल्लीमा छलाङ हानेकै हो ? नेकपा–माओवादी आफ्नै धरातलमा उभिएको छ कि बेइजिङको ? राजनीतिक दर्शनले 'जन्मभूमिका सामु सबै नगन्य छन्, देश बेच्न सिकाउँदैन' भने यति भनिसकेपछि, हलेदो अझै कोट्यारहनु पर्ला र ?

कवि अच्युतरमण अधिकारीले लेखेका छन्– तिमी जुन बादी बन, सफलताबादी बन । प्रसियाका बिस्मार्क बन्नेछन् हाम्रा नेताहरू भनेर हामी नेपालीले ठूलै आशा र भरोसा गऱ्यौं । थाहा छैन, यिनीहरूमा कुन रसायन मिसियो, यिनले लोकतन्त्रमात्र भन्न जाने, लोकतन्त्रको माली बन्न सकेनन् । त्यसैले लोकतन्त्रमा न कोपिला लाग्यो, फूल फुल्यो । न उज्यालो भयो, न शान्ति छायो । भएको एकता पनि भाँडियो । नागरिक सर्वोच्चताका नाममा जातीय विद्वेष फैलियो, एक नेपाल टुक्रिने बिखण्डनको खतरा बढ्यो ।

खोट नेतातन्त्रमा छ, तिनको खप्परमा चण्डालको बास छ । स्वतन्त्रताप्रेमी शुर्मा, बहादुरहरू अरूको दास बनेको इतिहास लेखिदैछ नेपालबाट । यी सबै परिदृश्यहरू देखिरहेका छौं, हेरिरहेका छौं । जान्नेहरू भन्छन्– इतिहासमा लेखिएको पृथ्वीराज चौहानबिरूद्ध जयचन्दका अवतार नेपालमा रूपान्तरण हुनलाग्यो ।

## चुनावका लागि आवश्यक स्रोतसाधन दिन तयार : गृहमन्त्री

काठमाडौं । गृहमन्त्री माधवप्रसाद घिमिरेले निर्वाचन सुरक्षाका लागि आवश्यक स्रोत साधन दिलाउन आफू तयार रहेको बताएका छन् । निर्वाचनमा सुरक्षा अवस्था मजबुत बनाउन पनि उनले सुरक्षा अधिकारीहरूलाई निर्देशन दिएका छन् ।

मंगलबारको बृहत् सुरक्षा बैठकमा सुरक्षा अधिकारीहरूले स्रोत साधनको अभाव देखाएपछि गृहमन्त्री घिमिरेले सरकार स्रोत साधन दिन तयार रहेको बताएका हुन् ।

तीनै सुरक्षा निकायका प्रमुख, पाँचै विकास क्षेत्रका क्षेत्रीय प्रशासक, क्षेत्रीय सुरक्षा प्रमुख, उपत्यकाका नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका प्रमुखसँग प्रहरी प्रधान कार्यालयमा भएको बैठकमा उनले सुरक्षा अवस्था मजबुत बनाउन निर्देशन दिएका हुन् ।

बैठकमा पाँचवटै विकास क्षेत्र र उपत्यकाका सुरक्षा प्रमुखहरूले आ–आफ्ना क्षेत्रको समग्र शान्ति सुरक्षाको स्थितिबारे जानकारी गराएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । बैठकमा समग्र शान्ति सुरक्षाको स्थितिबारे विश्लेषण तथा समीक्षा गरिनुका साथै आसन्न संविधानसभा निर्वाचनलाई शान्तिपूर्ण एवं भयरहित ज्ञवातावरणमा सम्पन्न गराउने तयारीबारे पनि छलफल गरिएको गृह प्रवक्ता शंकर कोइरालाले बताए ।

जनताको समेत सहयोग प्राप्त गरी अपहरण, फिरौती, चन्दा आतंक, गुन्डागर्दीजस्ता अपराधलाई पूर्ण रूपमा निस्तेज पारी शान्ति सुव्यवस्था कायम राख्न र मानवअधिकारको सम्मान गर्नसमेत गृहमन्त्रीको निर्देशन थियो ।

छलफलमा प्रहरी अधिकारीहरूले निर्वाचनमा निश्चित जिम्मेवारी नेपाली सेनालाई दिंदा राम्रै हुने सुझाव दिएको सहभागी एक प्रहरी अधिकारीले बताए । प्रत्यक्ष रूपमा चुनावकै सुरक्षामा सेना खटाउनेभन्दा नेपाल प्रहरी र सशस्त्र प्रहरीका केही जिम्मेवारी सेनालाई दिए चुनावमा धेरै प्रहरी खटाउन सकिने प्रहरी अधिकारीको सुझाव थियो । म्यादी प्रहरी भर्ना गर्न अवकाशप्राप्त सुरक्षा अधिकारीलाई प्राथमिकता दिनुपर्ने पनि बैठकमा कुरा उठेको थियो । गृहका अधिकारीले पनि 'ब्याक फोर्स'का रूपमा सेनालाई जिम्मेवारी दिनेबारे छलफल गरिरहेका छन् । नेपाली सेनाले निर्वाचनमा आफ्नो ६० हजार जनशक्ति खटाउन सकिने जानकारी सरकारलाई गराइसकेको छ ।

## सशस्त्रमा सूचना केन्द्र स्थापना

काठमाडौं । सशस्त्र प्रहरी बलले संविधानसभालाई लक्षित गरेर सूचना केन्द्र स्थापना गरेको छ । निर्वाचनमा सञ्चारकर्मीलाई छिटोछरितो र सहज ढंगले सूचना उपलब्ध गराउन सजिलो होस् भन्ने उद्देश्यले केन्द्र स्थापना गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ । काठमाडौंमा सूचना केन्द्र स्थापना भएसँगै सशस्त्र प्रहरीले पाँचै क्षेत्रका इकाइमा सूचना कक्ष स्थापना गर्ने भएको छ । सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तले बुधबार सशस्त्र प्रहरी बलका पाँचै क्षेत्रस्थित सशस्त्र प्रहरी बल मुख्यालय बाहिनीलाई सूचना कक्ष स्थापनाका लागि निर्देशन दिएका छन् । वन्तले बाहिनी तथा मातहत गण र सीमा सुरक्षा कार्यालयमा सूचना कक्ष स्थापना गर्न निर्देशन दिएका हुन् । सूचना कक्षले यथाशीघ्र सशस्त्र प्रहरी बलका प्रवक्ता, सूचना शाखा तथा सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा सूचना उपलब्ध गराउने तथा प्रवक्ताले समयमै सञ्चारमाध्यमलाई सूचना उपलब्ध गराउने व्यवस्था मिलाएको जनाइएको छ । सबै इकाइका सूचना कक्ष सशस्त्र प्रहरी नायब उपरीक्षकको कमाण्डमा रहनेछ । सूचना कक्ष निर्वाचन अवधिभर सञ्चालनमा आउने जनाइएको छ ।

## असन्तुष्ट दललाई वार्तामा ल्याउन मोर्चाको माग

काठमाडौं । लोकतान्त्रिक मधेसी मोर्चाले ४ मंसिरको संविधानसभा निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न असन्तुष्ट दलहरूसँग वार्ता गरी उनीहरूलाई सहमतिमा ल्याउन माग गरेको छ । झन्डै ६ महिनापछि बुधबार काठमाडौंमा मोर्चाको बैठक बसेको हो । बैठकले ४ मंसिरको चुनावप्रति प्रतिबद्धता जनाउँदै असन्तुष्ट रहेका नेकपा– माओवादी, मधेसी जनअधिकार फोरम नेपाल र अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टीसँग वार्ता गरी सहमतिमा ल्याउन माग गरेको हो । बैठकले संविधानसभा चुनावमा सबैलाई सहभागी गराउन मतदाता संकलनका लागि एक महिना म्याद थप्न माग गरिएको मोर्चाका नेताहरूले बताएका छन् ।

# Mumbai & Parliament attacks-The Truth

■ **Dr. Muhammad Khan**

The famous saying that, "The truth cannot be hidden forever" has opened the secrets of the world's biggest democracy and the secular country of the globe; India. Very surprisingly, the leadership of this greatest democracy of the world has dared to kill its own citizens to defame its neighbours or else for strengthening anti-terrorist laws, again against its own people. According to Times of India, a former Under Secretary of Indian Home Ministry Mr R V S Mani, has revealed that, "the Indian government, and not Pakistan, was behind the parliament (13/12, 2001) and Mumbai (26/11 2008) attacks in India." The officer of home ministry was categorical in his revelation that, this was orchestrated by India to formulate and strengthened the counter-terrorism laws in India and to defame Pakistan. As per the Times of India, Mr Mani has submitted signed the affidavits in the court a member of CBI-SIT probe team, Mr Satish verma has told him that, these attacks were set up "with the objective of strengthening the counter-terror legislation."

The unfortunate attacks on Indian financial capital Mumbai on November 26, 2008, had killed 167 innocent people, including Mr Hemant Karkare; in-charge of Anti-terror Squad and investigating officer of another terror attack committed by serving Indian Army officer. It was a fateful day for this thirteen millions-population city. However, without any investigation, Indian Government and media immediately pointed its fingers towards Pakistan and accused that all attackers came from Pakistan (Karachi) through boats to Mumbai. Even Indian Prime Minister, Manmohan Singh issued a reckless statement that, "roots of these attacks are in a neighbouring country and ——— neighbouring countries should not allow their soil to be used by terrorists". On its part, Pakistan condemned the series of terrorist attacks and offered its help to Indian government at this convoluted moment.

Earlier on December 13, 2001, India alleged Pakistani intelligence agencies in an attack made on its Parliament and taking that as a raison d'être, mobilized its forces all along the international border. Later investigations could not prove the allegations on Pakistan and poor a Kashmiri; Afzal Guru was arrested on the false charges of harbouring the militants, none of whom could survive. Mr Guru was finally hanged on February 9, 2013, a political murder indeed. Analysts envisioned that, besides strengthening anti-terror laws, India orchestrated this drama while, taking a lead from the incident of 9/11, to put pressure on Pakistan so that it stops pursuing Kashmir issue at global level and to declare the Kashmiri freedom struggle as terrorism.

Tracing the history of Indian fake and shame attacks to kill its own people, in 2000, on the eve of the visit of former US president, Mr. Bill Clinton, India maliciously exploited his presence once its secret services stage-managed a drama of killing thirty-six Sikhs in Indian Occupied Kashmir. It is worth mentioning that Sikh community of Kashmir enjoys a special relationship with its Muslim majority and there has never been a dispute between these two communities in the entire history of Kashmir. In 2003, Hindu extremists of BJP and RSS burnt a number of compartments of a train carrying Hindu pilgrims in Gujrat and leveled the charges against Muslims, subsequently causing massacre of over 2900 innocent Muslims. Later on as result of investigation, it was proved that this was an act of BJP and RSS to instigate Hindus against Muslims. Again, in 2007, Hindu extremist elements burnt alive dozens of the passengers of Samjota Express near Panipat while en-route to Pakistan and immediately leveled the changes against Pakistani intelligence agencies.

In October 2008, a serving Indian Army officer; Lieutenant Colonel Prashad Srikant Purohit was arrested on the charges of attack on Malegaon Mosque bomb blast. Later during the course of inquiry, it was revealed that the officer along with a number of his accomplices was also involved in the attacks on Samjota Express and many other incidents of similar terrorist attacks. The inquiry of this serving Indian Army officer was still underway to probe many more cases of terror by Indian Army personnel, once mysterious Mumbai attacks were stage-managed and the investigating officer, Hemant Karkare was killed too. In fact, at the same time, Indian media has broken the news that the lieutenant colonel SP Purohit has a huge network of Hindu terrorists spread in the length and breadth of Indian Army and otherwise. At the time of his arrest, he had over sixty kilograms of high quality RDX taken out from a store of Indian Army along with related accessories for carrying out terrorist attacks.

This reminds me the historical and most threatening event of cold war; the Cuban Missile Crisis. Immediately after Cuban Missile Crisis, President J.F Kennedy was asked by US Defence apparatus to approve a plan whereby, committing perceived acts of terrorism in US cities, and blamed on Cuba in order to create public support for a war against that nation. A part of these proposed operation was, "Operation Northwoods." This operation was to "develop a Communist Cuban terror campaign in the Miami area, in other Florida cities and even in Washington". Operation Northwoods proposals included hijackings and bombings followed by the introduction of phony evidence that would implicate the Cuban government.

The ultimate objective of this entire planning was, "The desired results from the execution of this plan would be to place the United States in the apparent position of suffering defensible grievances from a rash and irresponsible government of Cuba and to develop an international image of a Cuban threat to peace in the Western Hemisphere." US Joint Chiefs of Staff though authorized this plan, but President John F. Kennedy rejected it. The powerful lobby in US later ensured a meticulous assassination of Kennedy.

Neither Prime Minister Atal Bihari Vajpayee nor incumbent Premier, Manmohan Singh wanted to meet the fate of Kennedy, the dreadful end, thus allowed both incidents to go ahead, or else, they were kept in darkness, and powerful hawks did that. Whatever be the case, truth cannot be hidden for a long. Today, Indian democracy and secularism stand exposed. What all its leadership needs to do is, to investigate the incidents, apologize from Pakistan for defaming it and the victims, its own citizens and stop sponsoring and conducting inhuman and heinous acts of terrorism to become a real civilize nation, rather through so-called projection of democracy and secularism.

# The Indian Agencies Behind Twin Terrorist Attacks

***Abdul Majid Zargar***

Over the years the meta narrative in India about origin of 2001 Parliament attack is filled with unidirectional flow of information that want us to believe that it was an operation planned from across the border and executed by terror modules in India .But the recent revelation by one of the former CBI officers that this attack as also the 2008 infamous carnage in Mumbai was actually orchestrated by agencies to enable Government to strengthen the counter intelligence laws nails this lie. According to him the attack on parliament was followed by POTA (Prevention of Terrorist Activities Act) and carnage in Mumbai was followed by amendment to the UAPA (Unlawful Activities Prevention Act) making it more stringent & suitable for dealing with undesired people.

I am not surprised at what the former CBI officer, Mr. Satish Verma has said about the Indian agencies itself behind the twin terror attacks as Covert operations have remained and will continue to remain a controversial instrument of state policy for India in Kashmir vis-à-vis Pakistan. Translated into execution, it allows the Govt. to adopt the smoke screen of plausible deniability, wherein the action itself may be visible and verifiable but its links are concealed, so that it can easily deny any involvement. These operations in India fall within the domain of the intelligence community without the consent and knowledge of political leadership as against USA and other western countries where it has to be mandated by political leadership.

But what is surprising is the total black out of the news by Indian media. There have been no mind-boggling discussions, no hot commentaries, from media-men whom you otherwise, find crying at the top of their voices 24X7 at as mundane issues as opposition to girl's music band or killing of a wild beer by people. The likes of Goswami's, venky vembu's & Parveen Swami's simply seem to have gone into hiding.

Let us have a look at India's record of exposed covert operations in Kashmir. It Started with the murder of world renowned cardiac surgeon, Dr. Abdul Ahad Guroo in 1991. This covert operation was conceived by then Director General of Police ,B.S. Bedi by employing a renegade militant, Zulkarnain in the plot. The purpose behind the plot was two fold- one to put the onus on one particular group of militants and promote a group war between them and second to eliminate Dr. Guroo who was doing a wonderful job as a human rights defender particularly at international level. The Govt. succeeded in achieving both the objectives till the operation was revealed by Wajahat Habibullah, former chief information commissioner in 2008 through his book "My Kashmir Conflict and the Prospects of Enduring Peace". In any part of the civilized world, even Wajahat Habibullah could be tried for abetting this crime because of his silence on the maxim "Qui tacet consentire" which means Silence amounts to consent.

The next in the list of covert operations is massacre of 36 innocent Sikhs at chittisinghpora village in March 2000.The purpose behind this operation, conducted on the eve of Bill clinton's visit to India, was to malign Kashmir freedom movement. Its perpetrators were revealed through a clear hint by Dr. Farooq Abdullah, the former chief Minster in his address at an annual convention of the Kashmir Sikh Sangat (KSS) in Jammu on 17th Feberuary 2008 when he said."There were some people who tried to scuttle the chittisinghpora investigations. Some investigators were even threatened. I want to reveal the conspiracy behind the massacre, but as I am under an oath, I cannot do so". The conclusion is clear that Chittisingpora massacre is an official secret which cannot be disclosed because of compulsions of ministerial oath. It is another thing that this premise is totally unfounded & misconceived as murder of citizens cannot be protected by any oath or understanding.

Yet another covert operation is about killing of five foreign tourists, initially kidnapped by a militant organization, Al-Faran but later purchased & killed by Ikhwanis, a counter insurgent group, working under the supervision, direction & control of Indian security forces. The purpose of this operation was to malign Pakistan at the international level and its details were revealed by two internationally acclaimed investigative journalists, Adrian Levy & Cathy Scott-Clark in their book "The Meadows". This book contains a wealth of information about many other dirty games played by various agencies in Kashmir and is a must read for those who are interested to know these details

Mention must be made here of another massacre of 23 innocent Kashmiri Pandiths at Wandhama in1998. The story put forth by Govt. about this massacre allegedly involving militants contains so many loopholes that if investigated properly by an independent agency, about which many voices have already been raised but ignored, will turn out to be a big covert operation.

Coming specifically to Parliament attack case, One needs to go through Nirmalalangshu Mukherji's book "December 13-terror over democracy" to know the missing links & some vital unanswered questions in the Parliament attack case. After reading its chapter two titled "Who attacked Parliament" one is left with little doubt in concluding that it was a big covert operation orchestrated by Indian agencies. It is already in public domain as to how Afzal Guroo was made a sacrificial lamb after a farce investigation, an unfair trial and a perverse judgment.

# पुनहिलमा पुग्दा



काठमाडौंबाट ७ घण्टा, पोखराबाट डेढ घण्टा, चितवनबाट ६ घण्टा र बागलुङबाट डेढ घण्टा बसको यात्रा गरेपछि कास्कीको नयाँपुलमा पुगिन्छ । त्यसपछि दानसिंग र विरेठाटी,घान्द्रुक, टाढापानी, देउराली हुदै अन्नपुर्ण क्षेत्रको पैदलमार्ग हुँदै म्याग्दीको घोरेपानी पुग्न सकिन्छ । नयाँ पुलबाट दुई दिन र घान्द्रुकबाट एक दिनको पैदल यात्रामा घोरेपानी पुग्न सकिन्छ । म्याग्दीको बेनीबजारबाट भुरूङ तातोपानी र त्यहाँबाट पैदलमार्ग र सवारी साधन सहयोगले पनि घोरेपानी जान सकिन्छ । तातोपानीबाट एक दिनको पैदलमा घोरेपानी पुग्न सकिन्छ । नयाँपुलबाट भने दुई दिनको पैदल लाग्छ । ९८ भन्दा बढी प्रजातिका लालीगुराँसको घना जंगल र १६ भन्दा बढी हिमश्रृखलाको काखमा घोरेपानी र पुनहिल छन । त्यसले थपेको आर्कषणकै कारण प्राकृतिक सौन्दर्यतासंगै रमाउन चाहने आन्तरिक पर्यटक पछिल्लोपटक खुवै पुग्न थालेका छन घोरेपानीमा । सुर्योदयको मनोरम दृश्य अवलोकन गर्ने पाउँदा मन कम प्रफुल्लित बनाउदैन । यो दृश्यले विदेशी पर्यटकहरूको लागि त झनै रोमाञ्चक थपिरहेको छ । र आकर्षणको केन्द्र बनिरहेको छ । माछापुच्छे, धवलागिरी, अन्नपुर्ण, नीलगिरिलगायत १६ भन्दा बढि हिमश्रृंखलाहरू आँखा अगाडी देख्दाको अनुभुति कम रोमाञ्चक हुदैन । पैदलमार्गमा पर्ने जंगलमा हिउँदमा लालिगुँरासका फुलले यात्रा झन् रमाइलो र रसिलो बनाउँछ ।

०००

घोरेपानीको होटल टुकुचे पिक भ्युबाट झिसमिसे उज्यालो पनि नहुँदै पुनहिलतिर हान्निनुपर्दा मलाई बरू यो सन राइजको चक्करतिर नलागुँ जस्तो भएको थियो । बेलुका होटलकी बहिनी टीका पुनले ५ नबज्दै उठ्नुपर्ने र झन्डै एक घण्टा उकालो चढ्नुपर्ने बताएपछि सनराइजको





चक्कर छोड्ने मन लागिसकेको थियो । म्याग्दीको भुरूङ तातोपानीबाट विहान ७ बजे हिडेको हाम्रो टोली घोरेपानी साँझ ६ बजे आइपुगेको थियो । दिनभरको पैदल यात्राको थकानले शरीर बोझिलो थियो । तर,साथी जीवन आले ज्यान गए मान्ने पक्ष्मा थिएनन् । सहयोगी कर्साङ लामा पुनहिल नजाने भए थकानकै कारण । घोरेपानी आएपछि पुनहिल पुगेर सनराइज नहेरी के काठमाडौ फर्किनु भन्ने पनि लाग्यो । टाउकोमा बल्ने बत्ति टाँसेर जुनकिरी झैं उकालिएका लामबद्ध पर्यटकहरू देख्दा चाँहि मलाई पनि छुटाएको भए ठँलै गल्ती हुनेरैछ भन्ने लाग्यो । उकालोमा भेटिएकी फ्रेन्च मित्र सिल्भी पनि दुई वटा लौरो टेकेर पुनहिल उक्लदै थिइन । पुनहिल पुग्न लाग्दैको रहेछ,त्यतिबेला । घाँटीमा झुण्डिएको मेरो क्यामेरा उघ्रिन नपाउँदै आकाशतिर असंख्य क्यामेराहरू सोझिएका थिए । सँगै हिडेका साथी जीवन भने उकालो गाऱ्हो गरी उक्लदै थिए । मभन्दा झन्डै १० मिनेट ढिला पुनहिल आइपुगे । त्यसैले त्यो बेलाको अनुपम दृश्य देख्न पाएनन । तै पनि समय घर्किसकेको थिएन । पुनहिलको टावरमा पुग्दा पनि अझै उति राम्रो उज्यालो भैसकेको थिएन । हिमालहरू बादलले छोपिएका हुन् कि अँध्यारोमा लुकेका हुन् केही भेउ पाइएन । सुर्य विस्तारै खुल्दै आयो, हिमालमा त्यसको किरणँ पर्दा रातो हिमाल अहाँ कम्तिको मनमोहक हुदोरहेनछ । हिमाल खुल्दै थियो । माथि टावरमा पाइला टेक्ने ठाउँ भएन । तल,पनि ठँलै मेला

स्वागत गेटमा भेटिएकी सिल्भीँले पुनहिल र घोरेपानीको ऐतिहासिकता र लोभलाग्दो प्राकृतिक मनोरमता बर्णन गरिन । त्यतिबेला चाँहि आफ्नै माटोको पुनहिल र घोरेपानी नबुझेकोमा हीनतावोध भयो ।

पुनहिल पुग्दा मिर्मिरे भइसकेको थियो । तैपनि पर्यटकहरूका टाउकामा टाँसिएको जुनकिरी बत्ति अझै बलिरहेका थिए । आफँ पछाडीका हुलतिर आँखा लगाउँदा मैले रातो हुँदै गएको आकाशको एक छेउ देखें। अहो,कति प्रिय □ँ हुँदो



थियो । रोमाञ्चकतामा उफ्रिने र कराउनेहरूको जमातले एकछिन भए पनि जाडोबाट न्यानो महसुस हुदै थियो ।

०००

पुनहिलमा उज्यालो झरिसकेपछि, पुरै हिमश्रृंखला पल्लो पाखामा देख्दा अचम्म मानेका पर्यटकहरू हिमाललाई चुम्बन गरेको, हिमालको टुप्पो हातले समातेको जस्ता पोजमा फोटो खिचिरहेका थिए । हामी तीन हजार दुइ सय हाराहारीको पुनहिलमा आइपुग्दा बिहानको यो जाडोमा ज्याकेट फालेर चम्किलो लुगामा हिमाललाई पृष्ठभागमा राखेर अझै फोटोहरू खिचिदै थिए पर्यटकहरू । अन्नपँर्ण साउथ, निलगिरी, माछापुच्छे, अन्नपँर्ण, धौलागिरी अरू कति हामीले नाम थाहा नपाएका हिमालहरू हाँसिराखेका थिए । एकसय २० रूपैयाँ तिरेर त्यो डाँडामा कफि खाएपछि बिस्तारै पर्यटकहरूका हुलहरू ओरालो झर्न थाले ।

००००

हामी पुनहिलबाट घोरेपानीको टुकुचे पिक भ्यँ होटलमा आइपुग्दा विहानको ८ बजिसकेको थियो । त्यही ब्रेकफास्ट खायौं । घोरेपानी त्यति मंहगो ठाऊ पनि रहेनछन । एउटा कोठा एक रातका लागि एक सय रूपैयाँमा पाइनेरहेछ । यातायातको खासै सुविधा नभएको यस्तो स्थानमा नेपालीलाई २५० रूपैयाँमा मजाले दालभात तरकारी खुवाईनेरहेछ । हुन पनि स्थानीय पर्यटन विकास समितिले सबै मँल्य निर्धारण गर्छ । र सबै होटलमा एउटै दर हुन्छ । त्यहा अस्वस्थ प्रतिस्पर्धा पनि हुदैन होटलवालावीच । कुनै होटलमा टन्न र कुनै होटल खाली हुने अवस्था पनि हुदैन यस्तै भन्दैथिइन ,होटलकी बहिनी टीका पुन ।

*देवेन्द्र चुडाल*

## बाबुरामलाई जेल हाल्न पौडेलको माग



काठमाडौँ । केहि दिन पहिला एकिकृत नेकपा माओवादीका नेता तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले पूर्वराजालाई जेल हाल्नुपर्ने अभिव्याक्ति दिएपछि उनैलाई जेल हाल्नुपर्ने माग नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेलले गरेका छन् । पौडलले राजतन्त्रका अन्त्य भएपछि सामान्य नागरीक सरह भएर गुपचुप बसेका पूर्वराजालाई उक्साएकोमा भट्टराईलाई नै जेल हल्नु पर्ने बताएका हुन् । नेपाली कांग्रेसको केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानले शनिवार आयोजना गरेको प्रशिक्षण कार्याक्रममा बोल्दै पौडेलले भट्टराईको नामै नलिइकन नै पूर्वराजालाई उक्साउनेलाई जेल हाल्नु पर्ने उद्घोष गरेका छन् ।

अहिले मुलुक अत्यन्त कठिन अवस्थामा पुगेको बेला उग्रदक्षीणपन्थी र उग्र बामपन्थी एकले अर्कोलाई उक्साएर निर्वाचन भाँड्ने षड्यन्त्रमा लागेको पौडेलको आरोप रहेको छ । २०७० साल पछिको राजनीतिक इतिहासको स्मरण गराउँदै पौडेलले मुलुकको कठीन अवस्थामा उग्रदक्षिणपन्थी र उग्रवामपन्थीबीच एकता भएको र प्रजातन्त्र कमजोर भएको पौडेलको ठहर रहेको थियो । यस्ता जटिल परिस्थितिमा नेपाली कांग्रेस सगज हुनुपर्ने बताउँदै नेपाली कांग्रेस एक ढिक्का भएर निर्वाचनमा गएको खण्डमा मुलुकले निकास पाउने र ताकिएको समयमा सबैले स्वीकार गर्न सक्ने संविधान निर्माण हुने ठोकुवा पौडेलले गरेका छन् । नेपाल षड्यन्त्र नै षड्यन्त्रको पेवा भएको बताउँदै उपसपभाति पौडेलले अहिले राजतन्त्रलाई उक्साएर कांग्रेसलाई प्रहार गर्ने प्रपञ्च भइरहेको बताइरहँदा एक कार्यकर्ताले पौडेललाई सोधेका थिए, राजतन्त्र कहाँ छ नेता ज्यू ? नेता पौडेललाई थाहा हुनुपर्ने हो, षड्यन्त्र गरेर नै राजतन्त्रको अन्त्य गरिएपछि त्यही षड्यन्त्रको शिकार कांग्रेस बनेको हो । तत्कालिन पार्टी सभापति सुशील कोइरालाको महत्वाकांक्षा र व्यक्तिगत स्वार्थले गर्दा नै अहिले कांग्रेस घरको न घाटको भएको सत्य वास्तविकताबाट पौडेल अनविज्ञ रहेका छैनन्, एक कार्यकर्ता भन्दै थिए ।

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.
Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# गोलमेचको आर्थिक नीति र अर्थतन्त्र

■ राजाराम अधिकारी

खासगरी पछल्लो पटक 'गोलमेच' शब्दको प्रयोग निकै चलनचल्तीमा ल्याईएको पाईन्छ । माओवादी जनयुद्धमा उठाउँदै आएको गोलमेच सम्मेलन र संविधानसभाको नारा निर्वाचित संविधान सभाको आयु सकिएर संक्रमणकालीन अवस्थामा दलविहीनताको राज्यसत्ता भएको करीब एक वर्ष भैइसकेको छ । नेपालको अस्थिर राजनीति र टुलुटुलु हेरेर बस्ने नीति वा भनौ वेवारिसे अर्थनीतिको प्रभावको कारण संक्रमणकालीन राजनीति नै हो । अब अर्को संविधानसभाको चुनाव २०७० मंसिर ४ गते हुने सरकारको घोषणा र नेकपा–माओवादी (वैद्य) लगायत केही दलको चुनाव हुन नदिने अभिव्यक्तिले गर्दा नेपालको राजनीतिमा होइन अर्थनीति नै बेवारिसे अवस्थामा पुगेको छ । खासगरी गणतन्त्रको उदयसँगै नेपालमा आजसम्म समयमै कुनैपनि सरकारले आर्थिक बजेट पेश गर्न नसक्दा पूँजीगत खर्चहरूसमेत खर्च हुन नसकि त्रिजमा रहेको अवस्था छ भने उपेक्षित आर्थिक वृद्धि दाखिल गर्ने त टाढाको कुरा भयो । आदरणीय पाठकवीन यसपटक निर्दलीय श्रीमान् नेतृत्वको कर्मचारी मन्त्रिपरिषद्ले आषाढ मसान्तभित्रै बजेट प्रस्तुत गरेमा केही मात्रामा भनेपनि आर्थिक वृद्धि हुने आशा हामीले गर्नैपर्छ । यसैबीचमा सरकारले जारी गर्न लागेको तेस्रो योजना र यसको अर्थतन्त्रमा प्रभाव बारेमा यो लेख केन्द्रित गरेको छ ।

तेस्रो योजना :–(२०७०/०७१–२०७३/०७४) :– सरकारले १० वर्षमा विकासशील राष्ट्रमा रूपान्तरण गर्ने, गरिबीको रेखामुनिको जनसख्या २५.२ बाट १८ प्रतिशतमा झार्ने, जलविद्युत तथा ऊर्जा विकासलाई पहिलो प्राथमिकता आगामी दश वर्ष भित्रमा मुलुकको औसत आर्थिक वृद्धिदर ६ प्रतिशत पुऱ्याउने, कृषि क्षेत्रको औसत आर्थिक वृद्धिदर ४.५ प्रतिशत पुऱ्याउने, गैरकृषि क्षेत्रको औसत आर्थिक वृद्धिदर ६.७ प्रतिशत पुऱ्याउने, वार्षिक रोजगारी वृद्धिदर ३.२ प्रतिशत पुऱ्याउने, उपेक्षित आयु ७१ वर्ष, जनसंख्या वृद्धिदरलाई १.३५ प्रतिशतमा सीमीत राख्ने, आदि उल्लेख योजनाका परिधि हुन् । त्यसैगरी योजनामा निजी फराकिलो र समावेशी आर्थिक वृद्धि गर्ने रणनीति लिएको छ भने लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक/सामाजिक सशक्तीकरण अभिवृद्धि गर्ने तथा जलवायु परिर्वतनका नकारात्मक असरहरु कम गर्ने रणनीति अन्तर्गत छन् । तेस्रो योजनाको प्राथमिकताको क्षेत्र भावी जलविद्युत तथा अर्थ ऊर्जा विकास, वृषि क्षेत्रको अभिवृद्धि, आधारभूत शिक्षा तथा संचारमाध्यम, खानेपानी तथा सरसफाई, सुशासन प्रवर्द्धन सरह तथा अन्य भौतिक पूर्वाधार र विकास, पर्यटन, उद्योग र व्यापार क्षेत्रको विकासलाई प्राथमिकता दिइएको छ । त्यसो त हरेक ३/३ महिनामा हुनुपर्ने राष्ट्रिय परिषद् बैठक २०७० असार २१ र २२ गते स्टार होटेलमा सम्पन्न भयो केवल बजेट आउने बेला एक चोटी मात्र अब गोलमेचको आर्थिक नीति भित्रको नेपाली अर्थतन्त्र कसरी सुध्रिएला ? नेपालका अर्थविद्हरु पार्टीका पट्के आवाज वा भाइरसहरु भएका छन् । पार्टी पिछेका फरक आवाजहरु निकालेको पाइन्छ । जे होस् नेपालको अर्थनीति विश्वसनीय र भरपर्दो तथा वस्तुफरक भन्दा हचुवाको भरमा हतारमा निर्माण गरिएको पाइन्छ । नेपालको आर्थिक वृद्धिदर ३ प्रतिशतबाट माथि उठ्न नसक्नु निश्चय पनि दुर्घटनाको संकेत हो । नेपाली अर्थतन्त्रका अवरोधहरूले गर्दा नै नेपाली अर्थतन्त्रमा आएर परेको वा भनौ नेपाली अर्थतन्त्रमा अवरोधका रूपमा लिन सकिन्छ । मुख्यतः नेपाली अर्थतन्त्रका अवरोधहरु निम्न छन् ।

१) भौगोलिक अवरोध :– नेपाल भूपरिवेष्ठित देश हो । भूपरिवेष्ठित राष्ट्रहरूले अन्य मुलुकहरु भएर समुद्री सतहसम्म पुग्नुपर्ने हुँदा तिनीहरूले समय समयमा आर्थिक नाकाबन्दी सामानहरूको चर्को गोदाम शुल्क, सामान ल्याउन लैजान अनावश्यक ढिलाई जस्ता समस्याहरु भोग्दै अनावश्यक आर्थिक घाटा सहनु परेको छ । अर्कोतर्फ नेपाल बढी भारत परिवेष्ठित देश भएकोले अधिकांश सामानहरु भारतबाट नै आयात गर्ने गरिन्छ । क्षेत्रीय योजनाका प्याकेज निर्माण गरी दर क्षेत्रका मानिसहरूको जीवनस्तर सुधार्ने, यातायात र सञ्चारको असुविधाले नेपालमा आर्थिक सामाजिक तथा राजीतिक एकीकरण गर्ने काममा बाधा उत्पन्न भइरहेको पाइन्छ ।

२) आर्थिक अवरोधहरु :– नेपालको आर्थिक नीति अस्थिर छ । त्यसैले गरिबी, न्यून प्रतिव्यक्ति आय, कृषिमाथि आत्मनिर्भरता पूँजीको अभाव, प्राकृतिक साधनको न्यून प्रयोग, असमान वितरण (धनी झन् धनी र गरीब झन् गरीब बन्ने नीति), कम उत्पादनत्व हुँदै अर्थ प्रणाली तथा वैदेशिक समानतामा अत्याधिक निर्भरता रहेका छन् । मुख्य गरेर आँखा चिम्लेर वैदेशिक ऋण भार थप्दै जाने होडवाजी २०४६ सालपछि अत्यन्त तीव्र बन्न पुगेको छ । यो ज्यादै ठूलो गैरजिम्मेवारीपना हो । वैदेशिक ऋण भारले नेपालीहरूको शिर बाह्य जगत्मा ठाडो बन्न सकिरहेको छैन भने अर्कोतिर ऋण भएका नेपालीले अनेकौं जायज तथा नाजायज शर्त स्वीकार गर्नुपरेको छ । कमसेकम वैदेशिक सहायतालाई घटाउँदै लैजानुपर्नेमा २०४६ साल तथा २०६३ पछिको गणतान्त्रिक अवस्थामा झनै–झन् उठाउँदै लगिएको छ । हामीलाई विश्वको मात्र नभएर दक्षिण एसियाको समेत 'राउटे' बनाएको छ । झन् त नेपालमा 'राउटे' जातिको संख्या करीब १००० जना जति रहेको तथ्य पाइन्छ । भने दक्षिण एसियाले समेत साढे दुई करोड नेपाली जो स्वाभिमानी छन्, वीरगाथा र गोर्खालीको नामले चिनिने नेपालीलाई राउटेमा परिणत गर्ने वैदेशिक नीतिले सरकारले ल्याउने अधिकांश योजना आयोजना वैदेशिक नीति, नियन्त्रणमा निर्भर रहेको पाइन्छ । ठूला–ठूला मेघा प्रोजेक्टि र जलविदुतको विकास चाहने नेपालले पनि लगानीको अवसर केवल वैदेशिक सहायता हो भन्न ठान्ने प्रवृत्तिले गर्दा विदेशी प्रभुहरूको निगाहमा नै देशको आर्थिक अवस्था नियन्त्रित तथा शक्ति संचारको कार्यपालिका तथा संवैधानिक निकाय समेत असर पार्दछ । यसरी हेर्दा अर्थतन्त्रमा दिगो र फराकिलो नीति तथा वैदेशिक सहायताको आकार घटाउँदै आन्तरिक साधन परिपालन गर्नेतर्फ विशेष जोड दिनुपर्ने देखिन्छ ।

३) सामजिक–संस्कृतिक अवरोध : विश्वकै जुनसुकै मुलुकको आर्थिक विकासमा त्यस देशका सामाजिक सांस्कृतिक विशेषताहरूको प्रत्यक्ष असर परिरहेको हुन्छ । कतिपय सामाजिक सांस्कृतिक मूल्य मान्यताहरु आर्थिक विकास अनुकूल रहेका हुन्छन् भने कतिपय सामाजिक–सांस्कृतिक रहनसहन, मूल्य–मान्यता, रीतिरिवाज, परम्परा, आर्थिक विकासका लागि प्रतिकुल रहने । विकासशील देशहरूमा भने प्रायजसो कायम रहने सामाजिक–सांस्कृतिक मूल्य मान्यता अनुत्पादन खर्च वृद्धि गर्दै लगिरहेको हुन्छ । अर्कोतर्फ नेपालमा जातीय छुवाछुत, मानवीय भेदभावको कारणले आर्थिक जनजीवनलाई प्रत्यक्ष प्रभाव पारेको छ भने उत्पादकत्व घट्दै जाने प्रकृति बढेको छ । काम नगर्ने मालिक, काम गर्ने मिहेनत गर्ने सानो र तुच्छ, पानी चल्ने नचल्ने, चाडपर्वमा खर्च गरे ठूलो भइने जस्ता मनोभावले ग्रस्त नेपाली समाजले गर्दा नेपाली अर्थतन्त्र धरासायी बन्दै गएको पाइन्छ भने स्वदेशी श्रमशक्ति विदेशिएको पाइन्छ ।

४. मौलाउँदो भ्रष्टाचार तथा नीतिगत अवरोध :– अर्थतन्त्रको डरलाग्दो अवस्था नेपालमा व्याप्त मौलाएको भ्रष्टाचार हो । किनकि नेपालमा प्रजातन्त्र वा लोकतन्त्र स्थापनापछि शासन व्यवस्थामा पनि नेपालमा सहायता लिइसकेको छ । जसमा करीब २५ देशलाई जितेको पाइन्छ । नेपाली अर्थतन्त्र खस्कनु, राष्ट्र ऋणमा डुब्नु तथा वैदेशिक सहायतामा निर्भर रहनु तथा नेपालमा नै विश्वमा धनिको सूचीमा पर्नु हास्यास्पद कुरा हो । खासगरी हालैको एउटा रिपोर्टले भ्रष्टाचारको क्यान्सर संस्थागत रूपमा रहेको देखिन्छ । यसले गर्दा यसलाई न्यूनीकरण गर्न पनि नसकिने अवस्थामा पुगेको देखिन्छ । जुन प्रतिवेदनअनुसार राजनीति पार्टीमा ७० प्रतिशत, संसद/व्यवस्थापिकामा ५१ प्रतिशत, सेवामा २७ प्रतिशत, गैरसरकारी संख्या २० प्रतिशत मिडिया (सञ्चारजगत १४ प्रतिशत, न्यायपालिकामा ५१ प्रतिशत, प्रहरीमा ५८ प्रतिशत, कर्मचारीतन्त्रमा ६६ प्रतिशत र निजी क्षेत्रमा ३० प्रतिशत को महामारी देखा परेको छ ।

उक्त अध्ययन १०७ देशमा ११४००० मानिसलाई १३ प्रश्न गरी निस्किएको निचोड हो भने नेपालमा ५३ प्रतिशत पुरूष र ४० प्रतिशत महिलालाई समावेश गरी करीब १००००० मानिस ५८ वटै नगरपालिकामा सोधिएर भ्रष्टाचारको बीउ खोतलिएको हो । यी सबै संस्थागत भ्रष्टाचारले के राष्ट्र सेवक, के राजनीतिकर्मी, के संचारको पहरेदार मिडिया, के प्रहरी सेना कुनैपनि अछुतो रहेन भने सामाजिक उत्तरदायित्व निभाउनुपर्ने निकाय नै बढी प्रतिशतका भ्रष्टाचारको दल–दलमा फस्नुले नेपालको आयोजना योजना उनीहरूकै भुँडी भर्न, महल बनाउन, गाडी वा छोराछोरीलाई विदेशी डलरमा पढ्न पठाउन ल्याइने योजना जस्तो लाग्न थालेको छ ।

**गोलमेचमा रहेको नेपालको अर्थनीति र राजनीति एक अर्काका परिपूरक बनेका छन् । यस्तो भ्रष्टाचारको शुन्य सहनशीलता, आर्थिक वृद्धिको नारा तथा अथ विभिन्न आर्थिक नीतिको उपनाम दिएपनि मुख्यतः नेपालको अर्थनीति र शासनसत्ता सीमित व्यक्तिको हातमा गएको छ । यसले व्यक्ति धनी र नेपालमा अधिकांश मानिस गरीब झन् गरीब बन्दै गएको छ ।**

प्रस्तुतः गोलमेचमा रहेको नेपालको अर्थनीति र राजनीति एक अर्काका परिपूरक बनेका छन् । यस्तो भ्रष्टाचारको शुन्य सहनशीलता, आर्थिक वृद्धिको नारा तथा अथ विभिन्न आर्थिक नीतिको उपनाम दिएपनि मुख्यतः नेपालको अर्थनीति र शासनसत्ता सीमित व्यक्तिको हातमा गएको छ । यसले व्यक्ति धनी र नेपालमा अधिकांश मानिस गरीब झन् गरीब बन्दै गएको छ । मूल्यवृद्धिको कारकतत्व पनि यही हो गरीब झन् गरीब र धनी झन् धनीको अवस्था र यिनीहरु बीचको भयावह खाडलको पूर्ति अबको आर्थिक नीतिले पुरिने देखिदैन । यसले अर्को समाजमा क्रान्तिको वेग सिर्जना गर्दछ । हुनसक्छ त्यस क्रान्तिको वेगमा माओवादी (वैद्य)को लागि उपयोगी वा अन्य त्यस्तै पुस्ताले नेतृत्व गर्न सक्ने देखिन्छ । भ्रष्टाचारी र सामन्ती राज्यव्यवस्थाका नाइकेको पनि पतन अनिवार्य र आवश्यक हुन्छ । यो नै विश्व क्रान्ति चाहे त्यो सामाजिक वा आर्थिक क्रान्तिले सिर्जित गराएको सार्थकता, ऐतिहासिकता र दिशावोध हो । *(मधेश दर्पण फिचर सेवा)*

## खेलकुद

### यु-१६ साफमा नेपाल उपविजेता

काठमाडौं । नेपाली फुटबललाई वर्षा र हिलाम्मे मैदान फाप्ने गर्छ । नेपाली फुटबल इतिहासमा यस किसिमका प्रशस्तै उदाहरण छन् । नेपाली सिनियर टोलीले झरीको खेलमा दुई वर्षअघि जोर्डनलाई दशरथ रंगशालामा (१–१) तथा गत वर्ष नेहरू कपमा भारतलाई (०–०) बराबरीमै रोकेको थियो ।

तर, मंगलबार दोस्रो यु–१६ साफ च्याम्पियनसिपको फाइनलमा भने नेपाली टोलीका लागि वर्षा र पानीले भरिएको मैदान 'लक्की' साबित भएन । पूरै ९० मिनेट झरी परेको खेलमा नेपाली टोलीले उत्कृष्ट प्रदर्शन गऱ्यो । तर, भारतको पोस्टमा भने एक गोल पनि गर्न सकेन । पहिलोपटक फाइनल पुगेको नेपाल भारतसँग १–० ले पराजित हुँदै उपविजेतामै सीमित हुन पुग्यो ।

नेपालको उपाधि यात्रामा भारत बाधक बनेको यो दोस्रोपटक हो । दुई वर्षअघि दशरथ रंगशालामै सम्पन्न पहिलो संस्करणमा पनि नेपाल भारतसँग सेमिफाइनलमै रोकिएको थियो । दोस्रो भेटमा उत्कृष्ट प्रदर्शन गरे पनि



नेपाललाई भाग्यले साथ दिएन । पराजयसँगै नेपाली फुटबलमा उपाधिको खडेरी फेरि लम्बिएको छ । नेपाली सिनियर टोलीले सन् १९९३ मा भारतलाई नै पराजित गर्दै छैटौं साफ खेलकुदअन्तर्गत फुटबलको स्वर्ण जितेको थियो । त्यसयता २० वर्षसम्म नेपाली फुटबल टोलीले कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिताबाट उपाधि चुम्न सकेको छैन ।

उपाधि भिडन्तको १८औं मिनेटमा नेपाल ०–१ ले पछि पऱ्यो । जेरी लाल्रिन्जुआराले झन्डै २५ यार्ड दूरीबाट दोस्रो बारमा उत्कृष्ट गोल गर्दै भारतलाई १–० ले अघि राखेका थिए । प्रतिस्पर्धात्मक खेलमा दुवै टोलीबाट दर्जनभन्दा बढी गोल प्रयास भयो । अन्ततः जेरीको निर्णायक गोल नै भारतलाई उपाधि जित्न काफी भयो ।

फाइनल खेलमा नेपाली टोलीले दर्शकको साथ नपाएको होइन । रंगशालाको खुला प्याराफिटमा लगातारको झरीबीच दर्शक 'रेनकोट' र छाता ओढेर अन्तिम समयसम्म नेपाली टोलीलाई हौस्याइरहे । तर, खेलको अन्तिम समयसम्म नेपाली टोलीबाट एक गोल पनि नहुँदा करिब १७ हजार दर्शक निराश हुँदै घर फर्किए । यसैगरी, बंगलादेशले अफगानिस्तानलाई १–० ले पराजित गर्दै प्रतियोगितामा तेस्रो हुन सफल भयो । प्रतियोगितामा भुटानले फियर–प्लेको उपाधि जित्यो ।

### म्याराडोनाले कुटे फोटोग्राफर

बनोस आयर्स । अर्जेन्टिनी लिजेन्ड डिएगो म्याराडोना विवादमा आइरहने फुटबलरमध्ये अगाडि पर्छन् । खेलाडीदेखि फुटबल प्रशिक्षकको भूमिकासम्म निर्वाह गरिसकेका म्याराडोना आफ्नो फरक–फरक प्रस्तुतिका कारण मिडिया आइरहने गर्छन् । अझ स्वीकृतिविना पत्रकार वा फोटोग्राफरले केही काम गरे उनी यति रिसाउँछन् कि सायद त्यसको मोलतोल नै छैन ।

डेढ महिनाअघि बुनोस आयर्समा २३ वर्षीया प्रेमिकासँग कालो कारमा विमानस्थलबाट फर्किरहँदा एक फोटोग्राफरले फोटो लिने प्रयास गरेका थिए । म्याराडोनाले आफ्नो अनुमतिविना फोटो किन लिएको भन्दै ती फोटोग्राफरसँग झगडा नै गरे । ती फोटोग्राफरलाई म्याराडोनाले 'मार्सल आर्ट'को किक प्रहार गरेका थिए । सो घटना सेलाउन नपाउँदा पुनः म्याराडोनाले फोटोग्राफरलाई कुटपिट गरेको समाचारबाहिर आएको छ । यसपटक पनि म्याराडोनाले फोटोग्राफरलाई कुटेको अर्जेन्टिनी मिडियाले जनाएका छन् । 'जेन्टे' पत्रिकाका फोटोग्राफर इन्विय मेडिनाले प्रहरीसमक्ष म्याराडोनाले आफूमाथि हमला गरेको रिपोर्ट दर्ता गरेका छन् ।

सोही रिपोर्टका आधारमा म्याराडोना पुनः विवादको घेरामा परेका हुन् । गत आइतबार म्याराडोनाका बुवाको घरअगाडि फोटो लिने प्रयासमा आफूमाथि सांघातिक हमला गरेको दाबी मेडिनाले गरेका छन् । 'म्याराडोना मध्यरातमा बुवाको घरमा आएका रहेछन् । पत्रिकाका लागि त्यो फोटो स्कुप हुने सम्झेर घरअगाडि बसेँ । केही फोटो लिने प्रयास गर्दा एक्कासि म्याराडोना ममाथि निहुँ खोजे,' प्रहरीलाई दिइएको बयानमा मेडिनाको भनाइ छ ।

### श्रीलंकालाई सिरिज

कोलम्बो । श्रीलंकाले पाहुना टोली दक्षिण अफ्रिकामाथि बुधबार पाँचौं एकदिवसीय क्रिकेट प्रतियोगितामा १२८ रनको जित दर्ता गरेको छ । सानदार जितसँगै श्रीलंकाले सिरिजमाथि ४–१ को कब्जा गऱ्यो । दक्षिण अफ्रिकाको क्रिकेट इतिहासमा यो दोस्रो नराम्रो एकदिवसीय सिरिज हार हो । यसअघि सन् २००८ मा दक्षिण अफ्रिका इंग्ल्यान्डसँग ४–० ले पराजित भएको थियो ।

प्रेमादासा रंगशालामा पहिलो ब्याटिङ गरेको श्रीलंकाले ५० ओभरमा चार विकेट गुमाएर ३०७ रनको योगफल बनायो । प्रत्युत्तरमा दक्षिण अफ्रिका ४३.५ ओभरमा १७९ रनमा समेटियो । श्रीलंकाको जितमा अजन्था मेन्डिस र सुरान्गा लक्मलले समान तीन विकेट लिएका थिए । सुरान्गाले जीवनकै उत्कृष्ट बलिङ गर्दै तीन विकेट लिन ५.५ ओभरमा २४ रन खर्चे ।

श्रीलंकाको ब्याटिङमा ओपनर तिलकरत्ने दिल्सान ९९ रनमा आउट भए । लहिरू थिरिमाने (६८) र कुमार संगाकारा (७५) रनको योगदान दिए । प्रत्युत्तरमा दक्षिण अफ्रिकाको ब्याटिङ इनिङमा एबिडि भिलियर्सले ५१ बलमा ५१ रनकै योगदान दिए । उनले पाँच चौका र एक छक्का प्रहार गरे । यस बाहेक अन्य कुनै ब्याट्सम्यानले गतिलो योगदान दिन सकेनन् ।

# सामुदायिक उमाविको दरबन्दीमा अर्थको अवरोध

काठमाडौं । नेपालमा उच्च माध्यमिक विद्यालयमा पढाइ सञ्चालन भएको २१ वर्षसम्म भइसकेको छ । तर, अहिलेसम्म शिक्षकको दरबन्दी सिर्जना हुन सकेको छैन । शिक्षँ मन्त्रालयले प्रस्ताव लगे पनि अर्थ मन्त्रालयको उदासिनताका कारण दरबन्दी सिर्जना नभएको हो ।

यसै वर्षको बजेट कार्यक्रममा चार हजार शिक्षँक दरबन्दी सिर्जना गर्ने विषयमा अर्थ मन्त्रालयले सहमति गरेको थियो । तर, बजेट आउँदा चार हजार शिक्षँकका लागि रकम मात्र आएको छ । यसले शिक्षँ मन्त्रालयका कर्मचारीसमेत आश्चर्यमा परेका छन् । ०६६ सालमा तत्कालीन शिक्षा राज्यमन्त्री गोविन्द चौधरीको संयोजकत्वमा मन्त्रिपरिषद्ले बनाएको कार्यदलले दरबन्दी सिर्जना गर्नुपर्ने सुझाब दिएको थियो । समितिमा अर्थ मन्त्रालयका तर्फबाट लोकदर्शन रेग्मी सदस्य थिए । उनले दुई वर्ष बजेट महाशाखा प्रमुखको जिम्मेवारी सम्हाल्दा पनि चासो दिएनन् । उनी अहिले सचिव भइसकेका छन् ।

शिक्षँ मन्त्रालयका सहसचिव तथा प्रवक्ता महाश्रम शर्माले दरबन्दी ल्याउने सहमति भए पनि नआएको बताए । प्रवक्ता शर्माले भने, 'उमावि शिक्षकको दरबन्दी चार हजार ल्याउने कुरा थियो, तर आएन ।'

यसअघि नै शिक्षा मन्त्रालयले मन्त्रिपरिषद्बाट निर्णय गराएर चार हजार शिक्षकका लागि दरबन्दी सिर्जना गर्न प्रस्ताव तयार पारी गत पुसमै अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पठाएको थियो ।

०४६ सालमा उच्च माध्यमिक शिक्षा परिषद् ऐन निर्माण गरी ०४९ बाट कक्षा सञ्चालन सुरू भएको थियो । केही वर्षयता सरकारले शिक्षक दरबन्दी सिर्जना नगरी देशभरका सामुदायिक उच्च माविलाई चार हजार शिक्षकबराबरको अनुदान दिँदै आएको थियो । तर, शिक्षक तोकेर अनुदान दिइएको थिएन ।

अहिले करिब दुई हजार आठ सय सामुदायिक उच्च मावि सञ्चालनमा छन् । तीमध्ये एक हजार सात सय ४० ले मात्र दुई शिक्षकबराबरको अनुदान पाएका छन् । विज्ञान संकाय सञ्चालन भएको उच्च माविमा थप एक शिक्षकबराबरको रकम उपलब्ध गराइएको छ । एक हजार तीन सय १३ सामुदायिक विद्यालय सञ्चालनमा भएको समयमा चार हजार दरबन्दी सिर्जना गर्ने सहमति भएको थियो ।

उच्च माध्यमिक शिक्षँक एसोसिएसन नेपाल (हिस्टान)का अध्यक्ष दीपक सुवेदीले सामुदायिक उच्च माविका शिक्षकको दरबन्दी सिर्जना नभएका कारण धेरै समस्या भएको बताए । 'अर्थले सहमति गर्छ कार्यान्वयन गर्दैन,' अध्यक्षँ सुवेदीले भने, 'न राज्य छ, न उत्तरदायित्व छ । शिक्षँ मन्त्रालयले धेरैपटक प्रस्ताव पठायो, अर्थले रोकेको रोक्यै छ ।'

## रङ्गीन खबर

### अमेरिकामा चर्चित फेसबुके दाइ

पाँच वर्षअघि डिभी परेर अमेरिका पुगेका प्युठानका विकास विष्ट फेसबुकमा त्यति भुल्दैनन् । एकैछिन् फेसबुक चलाउँदा पनि उनी त्यहाँ नेपालबारे पोस्ट भएका समाचार पढ्न र आफ्ना सिर्जना 'सेयर' गर्न भ्याइहाल्छन् । तर, अचेल उनी 'फेसबुके दाइ' भनेर चिनिने गरेका छन् । दुई



वर्षअघि उनको 'फेसबुकले के यस्तो गरायो' बोलको गीत हास्य टेलिशृंखला 'तीतो सत्य'मा बजेपछि उनले यो उपनाम पाएका हुन् ।

'कार्यक्रममा मान्छेले मलाई देखाउँदै उहाँ नै हो फेसबुकको गीत लेख्ने फेसबुके दाइ भनेर आफ्ना बच्चाबच्चीलाई चिनाउँछन्,' विकास सुनाउँछन्, 'म फेसबुकको क्रेजी थिइनँ, कहिलेकाहीँ गीत, कविता, स्ट्याटस भने लेख्थेँ । तर, फेसबुकलाई माध्यम बनाएको त्यही गीत अहिले मेरो परिचय बन्यो ।' फेसबुकमा चिनजान भएर जीवनसाथी बन्ने जति छन्, त्यति नै फेसबुकका कारणले तोडिएका सम्बन्ध पनि छन् । तिनै कुरालाई विचार गरेर विकासले फेसबुक गीत तयार गरेका हुन् रे ।

देशमा हुँदा अदालतका सरकारी कर्मचारी विकास बिदेसिएपछि भने बैंक अफ अमेरिकाका क्रिटिकल फेसिलिटी अफिसर छन् । अन्तर्राष्ट्रिय समाज न्युयोर्कको महासचिवसमेत रहेका उनी जातीयताको मुद्दामा अल्झिएर संविधान बन्न नसकेकोमा निकै चिन्ता गर्छन् । देश जातीयतामा गए जाति–जातिबीच द्वन्द्व बढ्ने बुझाइ उनको छ । 'हामी सबैभन्दा पहिले नेपाली हौँ, त्यसपछि मात्र अन्य कुरा आउँछन्,' विकास भन्छन् । जातीयताका आधारमा नेपाली दाजुभाइलाई विभाजित नगर्न उनको अनुरोध छ :

*मलाई किन सपनीले निद्रा टुटाइदिन्छ*
*आफ्नै आँगन किन होला बिरानोझैँ लाग्छ*
*मान्छेमात्र एउटा जाति भन्ने यो जमाना*
*भाषा–रीति मात्र अनेक केही अलग खाना*

*वंशाणुले रूप कोर्‍यो यसमा कसको दोष*
*शासन गर्ने एउटा हुन्छ सबलाई किन रोष*

यो गीत कोमलराज भण्डारी र उनकै स्वरमा अमेरिकामा रेकर्डिङ गरिएको छ । 'भिडियोमा नेपालका चर्चित कलाकारलाई अभिनय गराउने मेरो इच्छा छ,' विकासले स्काइपको कुराकानीमा भने, 'भिडियो बनाउने जिम्मा अभिनेता रमित ढुंगानालाई दिएको छु, नेपाल फर्किएपछि उनले बनाउनेछन् ।'

दुई दशकदेखि लेखनयात्रा निरन्तर राखेका उनी आफ्नो डायरीमा तीन सयभन्दा बढी गीत रचना रहेको बताउँछन् । तर, उनले अमेरिका पुगेपछि मात्र सांगीतिक एल्बम निकालेका हुन् । अहिले उनी आफ्नै शब्द र स्वरमा दोस्रो एल्बम निकाल्दै छन् । उनले दोस्रो एल्बममा पनि 'फेसबुक' गीतको निरन्तरता दिएका छन् :

*फोनमा कुरा गर्न नि पा'छैन*
*वर्षौं भयो भेटघाट भा'छैन*
*अन्तै माया लगाउँदै पो छिन् कि*
*आजकल उनी च्याट पनि गर्दिनन्*
*कतै मलाई डिलिट गर्दै छिन् कि...*

राष्ट्रिय, आधुनिक, लोकदोहोरी सबैखाले गीत लेख्ने गरेका विकास अमेरिकामा रहेका अधिकांश नेपाली गायक/गायिकासँग आफ्नो गीत रहेको बताउँछन् । गायिका रिमा गुरूङले उनको एउटा गीत रेकर्डिङ गराउँदै छिन् भने यम बराल, सपनाश्री, विमल डाँगी, अभय ढुंगेल, ओमविक्रम विष्ट, राजेन्द्र राई, सन्जोग लामा, यशोदा राई, दिपेन राई, हरीश माथेमालगायतले उनका गीत लगिसकेका छन् । 'नेपालमा पनि कोही गायक–गायिकाले चाहेमा मसँग भएका गीत निःशुल्क उपलब्ध गराउन तयार छु,' उनले भने ।

### नयाँघरेको 'स्वाहा' बारे अन्तर्क्रिया

काठमाडौं । युवा निबन्धकार युवराज नयाँघरेको नवीनतम् निबन्ध कृति स्वाहा बारे राजधानीमा अन्तर्क्रिया भएको छ । कार्यक्रममा डा.नारायण चालिसेले नयाँघरेको कृति स्वाहामा द्वन्द्वका शक्तिशाली दृश्यहरू लेखिएको बताए । उनले भने– नेपाली युद्ध साहित्यको सुक्ष्म लेखनी स्वाहामा भेट्न सकिन्छ ।

अन्तक्रियामा अर्का वक्ता प्रद्युम्न जोशीले स्वाहाले प्रतीकात्मक अर्थमा नेपाली समकालीन स्थितिको सचित्र बयान गरेको बताए । उनले नयाँघरे सृजनशील र गतिशील चरित्रका लेखक हुन् भने । स्वाहाबारे कवि कृष्ण जोशीले मन्तव्य राख्दै भन्नु भयो–उच्च धारणा र कलात्मक दृष्टिले स्वाहा सम्पन्न छ । यो कृतिले नेपाली निबन्धमा एउटा महत्वपूर्ण स्थान लिनेछ । कार्यक्रममा लेखक नयाँघरेले आत्मप्रकाश र भौगोलिक प्रस्ततिका लागि निबन्ध सृजनामा लागिरहने बताउनु भयो । वहाँले अझै पनि नेपाली निबन्ध सेपमा परेको छ, उल्लेख गरे । अन्तर्क्रियामा मणि लोहनी, ठाकुर बेलबासे लगायतले बोल्नु भएको थियो । मदन पुरस्कार विजेता ११ वटा निबन्धका कृति प्रकाशित भइसकेका छन् । नेपाली भाषाको कलात्मक र झर्रो लेखनीका कारण वहाँ लोकप्रिय निबन्धकार मानिनु हुन्छ । उक्त कार्यक्रम वासु शशी स्मृति परिषद्ले आयोजना गरेको थियो ।

## कर्पोरेट

### प्रभुको सेन्चुरी बैंकसँग रेमिट भुक्तानी सम्झौता

काठमाडौं । विदेशमा रहेका नेपालीले पठाएको रेमिट्यान्स भित्र्याउँदै आएको प्रभु मनी ट्रान्सफर र सेन्चुरी कमर्सियल बैंकबीच रेमिट्यान्स भुक्तानी सम्झौता भएको छ । सम्झौतापछि विदेशबाट प्रभु मनी ट्रान्सफरमार्फत पठाएको रकम मुलुकभरका सेन्चुरी बैंकका ३१ शाखाबाट सेवाग्राहीले भुक्तानी लिन सक्नेछन् । सम्झौतापत्रमा प्रभुका महाप्रबन्धक रामेश्वर सापकोटा र सेन्चुरीका प्रमुख कार्यकारी अधिकृत गणेशकुमार श्रेष्ठले हस्ताक्षर गरेका थिए । कम्पनीले मलेसिया र अमेरिकाबाट आफ्नै कार्यालयमार्फत तथा खाडी मुलुकसहित नेपाली कार्यरत सबैजसो मुलुकबाट विभिन्न कम्पनीसँग मिलेर रेमिट्यान्स भित्र्याउँदै आएको छ । कम्पनीले मुलुकभरका विभिन्न वाणिज्य बैंक, सहकारी र रेमिट्यान्स केन्द्रका करिब ३ हजार १ सय भुक्तानी शाखा र काउन्टरबाट रकम भुक्तानी गर्दै आएको जनाएको छ ।

### एभरेस्टको सञ्चालन मुनाफा बढ्यो

काठमाडौं । एभरेस्ट बैंकले गत आर्थिक वर्ष ०६९/७० असार मसान्तसम्म अपरिष्कृत लेखा विवरणअनुसार सञ्चालन मुनाफा अघिल्लो आर्थिक वर्षको तुलनामा ३४.१४ प्रतिशत वृद्धि भई २४०.१७ करोड रूपैयाँ पुगेको छ ।

बैंकले गत वर्ष १७९.०४ करोड सञ्चालन मुनाफा आर्जन गरेको थियो । बैंकको बिहीबार बसेको सञ्चालक समितिको बैठकले वित्तीय विवरणसम्बन्धी जानकारी दिएको हो । बैंकले कुल कारोबार १० हजार करोड रूपैयाँभन्दा माथि पुर्‍याउन सफल भएको छ । त्यसैगरी, बैंकको निष्क्रिय कर्जा गत वर्ष ०.८४ प्रतिशत रहेकामा हाल ०.६२ प्रतिशतमा झरेको छ ।

### सेञ्चुरीको एटिएम सेवा

काठमाडौं । सेञ्चुरी कमर्सियल बैंकले कोटेश्वर शाखामा एटिएम सेवा सञ्चालनमा ल्याएको छ । बैंकले यसअघि पुतलीसडक, न्युरोड, मानभवन, भोजपुर, दित्तेल, धरान, पोखरा, वीरगन्ज, विराटनगर, बेलबारी, गरूडा, सामाखुसी, खाँदबारी, धनगढीलगायत शाखामा एटिएम सेवा विस्तार गरिसकेको छ ।

### जनता बैंकको थप ३ एटिएम

काठमाडौं । जनता बैंक नेपाल लिमिटेडले भक्तपुरको सूर्यविनायक, नेपालगन्ज र सुनसरीको इनरूवास्थित शाखा कार्यालयबाट थप ३ वटा एटिएम सेवा सञ्चालनमा ल्याएको छ । । यी एटिएम सञ्चालनमा आएपछि बैंकको कुल एटिएम संख्या २१ पुगेको छ । कुनै पनि बैंकका डेबिट कार्डजस्ता अन्तर्राष्ट्रिय ब्रान्डका क्रेडिट कार्डबाट रकम झिक्न सकिने बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख गरेको छ ।

काठमाडौं उपत्यकाभित्रका ९ वटा शाखा कार्यालय तथा उपत्यकाबाहिरका १६ वटा शाखा कार्यालय र १ एक्टेन्सन काउन्टरबाट आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको बैंकले जनाएको छ । बैंकले ग्राहकलाई बचत तथा ऋण सेवालगायत एटिएम सेवा, रेमिट्यान्स सेवा, ड्राफ्ट, लकर सुविधा, सन्ध्याकालीन काउन्टर, नेपाल टेलिकमको पिएसटिएन, एडिएसएल तथा पोस्टपेड मोबाइलको बिल भुक्तानी सेवा तथा कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिनेजस्ता सुविधा पनि प्रदान गरिरहेको छ ।

### मनास्लु बैंकको प्राथमिक सेयर निष्कासन

काठमाडौं । मनास्लु विकास बैंकले ३ करोड ६० लाखको प्राथमिक सेयर निष्कासन गरेको छ । गोरखामा मुख्य कार्यालय रहेको बैंकले दुई वर्षअगाडिबाट कारोबार सुरू गरेको हो । बैंकले ३ करोड ६० लाखको प्राथमिक सेयर निष्कासन गरेको छ । त्यसमध्ये ७ लाख २० हजार रूपैयाँ कर्मचारीका लागि छुट्याइएको बैंकले जनाएको छ । बैंकले २७ साउनदेखि ३० सम्म बिक्री खुला रहने गरी सेयर आवेदन खुला गरेको हो । ८ करोड ४० लाख रूपैयाँ चुक्ता पुँजी रहेको र साधारण सेयर बिक्रीपछि १२ करोड रूपैयाँ पुग्ने बैंकले जनाएको छ । बैंकले गत आव ४१ लाख रूपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको थियो । बैंकले गत असारमसान्तसम्म ५२ करोड ५६ लाख रूपैयाँ निक्षेप संकलन गरिसकेको बताएको छ । यस बैंकले ग्रोमर मर्चेन्ट बैंकरलाई बिक्री प्रबन्धक नियुक्त गरेको छ । बैंकले देशभर १६ विभिन्न वित्तीय संस्थाबाट सेयर फाराम वितरण र दर्ताको प्रबन्ध गरेको बताइएको छ ।

### क्लिन इनर्जी सम्मानित

काठमाडौ । क्लिन इनर्जी डेभलपमेन्ट बैंक पारदर्शी, निष्पक्ष वित्तीय तथा संस्थागत प्रतिवेदन प्रस्तुतीकरणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाद्वारा प्रदान गरिने 'बेस्ट प्रिजेन्टेड एनुअल रिपोर्ट अवार्ड २०१२' बाट सम्मानित भएको छ । विकास बैंक तथा वित्तीय संस्था वर्गअन्तर्गत बैंक पुरस्कृत भएको हो ।

स्वच्छ ऊर्जा क्षेत्रको प्रवर्धन र दिगो विकासको पारदर्शी रूपमा कार्यरत बैंक लगातार दोस्रो वर्ष पुरस्कारद्वारा सम्मानित भएको छ । यसअघि दक्षिण एसियाली एकाउन्टेन्ट महासंघबाट पनि पारदर्शी वार्षिक प्रतिवेदनका लागि बैंक सम्मानित भइसकेको छ । यही वर्ष संसारकै २५ प्रमुख प्रगतिशील नैतिक बैंकमध्ये एकको रूपमा ग्लोबल एलाएन्स फर बैंकिङ अन भ्यालुजको नेपालको एक मात्र र एसियाकै तेस्रो सदस्य बैंकको रूपमा समेत क्लिन इनर्जी चयन भएको छ ।

### एनआइसी फाउन्डेसनको छात्रवृत्ति

काठमाडौं । एनआइसी एसिया बैंकबाट प्रवर्द्धित सामाजिक संस्था एनआइसी फाउन्डेसनले उदयपुरको त्रियुगा गाईघाटस्थित त्रियुगा उमाविका १० छात्रालाई छात्रवृत्ति वितरण गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वितरण उपलब्ध गराइएको छात्रवृत्ति उदयपुरका निमित्त प्रमुख जिल्ला अधिकारी प्रकाशजंग कार्की, जिल्ला शिक्षा अधिकारी दीर्घध्वज चापागाईं, निमित्त स्थानीय विकास अधिकारी पुष्करप्रसाद पोखरेल, स्कुलका प्रधानाध्यापक सुवास विष्ट तथा व्यवस्थापन समिति अध्यक्ष छिवाहाङ राईले हस्तान्तरण गरेका थिए । छात्रवृत्तिअन्तर्गत १० जना कक्षा १ देखि १० सम्मका जेहन्दार, गरिब र नियमित अध्ययन गर्ने छात्रालाई छनोट समितिको सिफारिसमा पाठ्यपुस्तक, ड्रेस, जुत्ता, स्कुल ब्यागलगायत पाठ्यसामग्री प्रदान गरिएको छ ।

## क्षेत्र निर्धारण...

आयोगले सिट सङ्ख्या बढाउन र घटाउन नसकेको हो । संवैधानिक जटिलता फुकाउन उच्च स्तरीय राजनैतिक समितिले चारदल सम्मिलित कार्यदल गठन गरेपनि उक्त कार्यदलले समेत संवैधानिक बाधा अड्चनका कारण विद्यमान संवैधानिक व्यावस्थाभित्र रहेर आयोगले आफ्नो प्रतिवेदन तयार पार्न उपयूक्त हुने ठहर गरेपछि आयोग संकटमा परेको हो ।

ठूला दल भनिएका एकिकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको मोर्चाले गठन गरेको कार्यदलले समेत कुनै निष्कर्ष निकाल्न नसकेपछि अब उच्चस्तरीय राजनैतिक संयन्त्रले तत्कालै समाधान खोज्न सक्छ भन्ने विश्वास आयोगलाई नभएको हुनाल थपिएको १० दिनको म्याद भित्रै उसले प्रतिवेदन बुझाउन लागेको हो । मधेस केन्द्रीत दलहरूले तराईका २० जिल्लामा जनसङ्ख्याको अनुपातमा ५० प्रतिशत सीट सङ्ख्या बढाउन दवाव दिई रहेका छन् । नेपालको अन्तरिम संविधानको धारा १५४ मा प्रत्येक दश वर्षमा हुने जनगणनाका आधारमा त्यस पछिको आम निर्वाचनका लागि गरिने क्षेत्र निर्धारण गर्दा संविधान जारी भएको अवस्थामा कायम रहेका निर्वाचन क्षेत्र घटाउन नपाइने व्यवस्था गरेको हुनाले अहिले क्षेत्र बढाउन र घटाउन नसकिएको आयोगले जनाएको छ । अन्तरिम संविधान जारी गर्दा २ सय ५ क्षेत्र कायम रहेको र पछि ३५ क्षेत्र थपिएको हुनाले आयोगले त्यही ३५ क्षेत्रलाई मात्र घटाउन बढाउन सक्ने बाध्यात्मक अवस्था थियो ।

२०६४ सालको आम निर्वाचनको लागि ३५ क्षेत्र थपिएको थियो । २०६४ को निर्वाचनका बेला तराईका २० जिल्लामा १ सय १६ हिमाल-पहाडका ५५ जिल्लामा १ सय २४ सीट कायम गरिएको थियो । दश वर्ष अघिको तुलनामा काठमाडौँमा मात्र जनसंङ्ख्या बढेको देखिएको छ भने काभ्रेमा मात्र जनसङ्ख्या घटेको छ । अघिल्लो पटक क्षेत्र थप भएका २५ जिल्ला मध्ये एकलाख भन्दा बढी जनसङ्ख्या बढेका जिल्लाको सङ्ख्या १३ रहेको छ । अघिल्लो पटक निर्वाचन क्षेत्र थप भएका २५ जिल्ला मध्येका २४ जिल्लामा जनसङ्ख्या बढेका हुनाले कहाँ बाट सीट थप्ने, कहाँ बाट सीट घटाउने भन्ने समस्या आयोगलाई परेको हुनाले आयोगले २०६४ कै निर्वाचन क्षेत्रलाई कायम राख्ने प्रतिवेदन बुझाउन लागेको सुत्रले दावी गरेको छ ।

## प्रचण्ड र वैद्यको...

नेतृत्वको सरकारसहित मंसिर ४ को निर्वाचन सार्ने प्रस्तावको विपक्षमा प्रचण्ड चट्टान भएर उभिएका छन् । सरकार हेलिकोप्टरसहित सेनाको सुरक्षामा चुनाव गराउन अग्रसर भएपनि राजनीतिक सहमति बनेन भने निर्वाचन नाम मात्रको हुने निश्चित छ । त्यस्तो चुनावले वैधानिकतासमेत पाउने छैन । अन्तर्राष्ट्रिय समुदायले चुनाव होस् भन्ने चाहे पनि संयन्त्रको नालायकी र अहंकारले राजनीतिक असहमति नै चुनाव भाँडिने कारक हो बुझेका छन् । प्रचण्ड र वैद्यबीचको भाले भीडन्त संसारभरिका कम्युनिस्टहरूका लागि समेत जग हँसाइ हुनेछ ।

## मधेशी मोर्चाभित्र...

**खिलराजमार्फत संयन्त्र झुक्यो**

बुधवार चारदलको संयन्त्रले संविधानसभाको नाम उल्लेख नगरी र बिनासर्त वार्ता गर्न तैयार भएको अर्को पत्र पठाएपनि नेकपा-माओवादी वार्तामा बस्न सकारात्मक भएको सन्देश दिएको छ । प्रवक्ता पम्फा भुसालले भनिन्- हामीले भनेजस्तो बिनासर्त वार्ताको पत्र प्राप्त भएको छ, हाम्रो पार्टी र असन्तुष्टहरूको मोर्चाले बैठक गरेर अन्तिम निर्णय गर्नेछ । मंसिर ४ मा निर्वाचनका लागि यो सबैभन्दा राम्रो सन्देश भएको छ । असन्तुष्टहरूलाई बल प्रयोग गरेर भए पनि दबाउने र निर्वाचन गरिछाड्ने एमाओवादीको अहंकार यस घटनाबाट टुटेको अनुभव सबैले गरेका छन् ।

## निर्वाचन विरोधीलाई...

सिध्याउन निर्देशन दिनु भनेको प्रजातान्त्रिक हक अधिकार खोस्न खोज्नु बाहेक अन्य केही हनु सक्दैन ।

पछिल्लो समयमा खिलराज रेग्मी सरकार र कथित ठूला दल एमाओवादी, कांग्रेस, एमाले र मधेशी मोर्चा आफ्ना कुरा अन्य सबै दलहरूले स्वीकार गर्ने पर्दछ भन्ने अडानमा रहेका र आफ्ना कुरा अन्य दलले स्वीकार नगरेको खण्डमा उनीहरूलाई पेलेरै लैजानु पर्दछ भन्ने पक्षमा रहेका हुनाले संविधानसभाको दोस्रो निर्वाचन मंसिर ४गते भइहाले पनि त्यसले समस्याको समाधान गर्न नसक्ने प्रायः निश्चित नै छ ।

नेकपा-माओवादीसहितका अन्य विपक्षी दलहरू संविधानसभाको निर्वाचनको विपक्षमा नरहेको केवल उनीहरू चार दलले गत फागुन ३० गते गरेको ११ बुँदे सहमति र त्यही सहमतिको आधारमा चैत्र १ गते गरिएको संविधानको बाधा अड्काउन फुकाउ धारा १५८ मार्फत् संविधानका २५ वटा प्रावधानहरूको संशोधनप्रति मात्र आपत्ति जनाएका हुनाले उनीहरूले त्यसलाई सच्याउनु पर्ने सर्त मात्र अगाडि सारेका अवस्थामा उनीहरूलाई जबर्जस्ती निर्वाचन विरोधी भनेर सिध्याउने खेलमा रेग्मी सरकार र चार दल लागेमा त्यसले मुलुकमा मुठभेडको अवस्था सिर्जना गर्ने र रक्तपात मच्चिन सक्ने भएको हुनाले दुवै पक्षले आ-आफ्ना हठ त्यागेर वार्ताका माध्यमबाटै समस्याको समाधान खोज्नु उपयुक्त विकल्प हुन सक्छ ।

## भाद्र ४ भित्रमा...

निर्वाचन आयोगका पदाधिकारीहरू भने तोकिएको समयममै निर्वाचन गराउन आयोगको तर्फबाट कुनै कसर बाँकी नराख्ने उद्घोष गरिरहेका छन् । आयोगले मतदाता नामावली संकलन गरेर मतदाता सुचि समेत सार्वजनिक गरिसेकेको र दलहरूलाई चुनाव चिन्हसमेत दिइसकेको छ । अब आयोग सरकार र दलहरूले असन्तुष्ट दलहरूलाई निर्वाचनमा भाग लिन लगाउन राजनीतिक निर्णयको पखाईमा बसेको छ । आयोगले सरकार र राजनीतिक दलहरूलाई पहिला नै भाद्र ४ गतेभित्र सबै दललाई निर्वाचनमा भाग लिन लगाउने वातावरण मिलाउन समयसीमा निर्धारण गरिसकेको छ । अब भाद्र ४ गतेभित्रमा दलहरूले समहमति जुटाउन नसकेको खण्डमा आयोग आफ्नै तर्फबाट अगाडि बढ्ने जानकारी आयोगका पदाधिकारीहरूले दिइसकेका भएपनि आजसम्मको अवस्था हेर्दा भाद्र ४ गते भित्रमा सहमति जुट्न सक्ने अवस्था छैन ।

सरकार र दलहरूबीच बन्ने सहमतिमा आयोग बाधक नबन्ने उद्घोष आयोगले पहिला नै गरिसकेको छ । दलहरूबीच सहमति भएको खण्डमा आयोग लचिलो बन्ने उद्घोष प्रमुख आयुक्तले पहिला नै सर्वाजनिक गरिसकेका भएपनि कतिसम्म लचिलो बन्ने भन्ने विषयमा आयोग मौन रहेको छ । आयोगका अनुसार भाद्र ४ गतेदेखि निर्वाचन क्षेत्रमा कार्यालय खोल्ने, उम्मेदवारी दर्ता लगायतका अन्य काम अगाडि बढाउने आयोगले बताएको छ । त्यसैले असन्तुष्ट दलहरूलाई सहमतिमा ल्याउनको लागि भाद्र ४ गतेको समयसिमा निर्धारण गरिएको आयोगको दाबी रहेको छ । भाद्र ४ पछि आयोग नयाँ प्रक्रियामा जाने भएको हुनाले त्यसपछि दल दर्ताका लागि समय दिन नसक्ने आयोगले जनाएको छ । नेकपा-माओवादीले दल दर्ताका लागि निवेदन नदिएपनि सरकारको विरोध गरिरहेका उपेन्द्र यादव र अशोक राईले नेतृत्व गरेको पार्टीले दल दर्ताको लागि निवेदन दिइसकेका र उनीहरूले चुनाव चिन्हसमेत पाइसकेका छन् ।

मंसिर ४ मा गर्ने भनिएको चुनाव रोक्नु पर्ने, रेग्मी सरकार खारेजी हुनुपर्ने र राजनीतिक नेतृत्वमा सरकार गठन भएमा मात्र नेकपा-माओवादी निर्वाचनमा भाग लिने अगाडनमा रहेको छ । नेकपा-माओवादीलाई सहमतिमा ल्याउन सरकार र चार दलीय सिन्डिकेटले पत्र पठाएपनि ऊ वार्तामा गएको छैन । केही राजनीतिक विश्लेषकका अनुसार नेकपा-माओवादीलाई सहमतिमा ल्याएर निर्वाचनमा गएको खण्डमा मात्र संविधान निर्माण हुन सक्छ । उसलाई बाहिर राखेर संविधान निर्माण हुन नसक्ने भएको हुनाले चार दल र रेग्मी सरकारले त्यसतर्फ सोच्नै पर्ने एक राजनीतिकशास्त्रका प्राध्यापकको भनाई रहेको छ । उता नेकपा-माओवादीका सचिव देव गुरूङले भने मंसिर ४ गतेको निर्वाचन स्थगित भए मात्र आफूहरू वार्तामा बस्ने बताएपनि चार दल मंसिर ४ गतेको निर्वाचन स्थगित गर्ने पक्षमा नरहेको हुनाले मुलुक गम्भीर संकटमा फस्न सक्ने अवस्था आएको छ ।

## निर्वाचनका लागि...

नियोगका प्रतिनिधि र उपल्लो तहका अधिकारीहरूको अभिव्यक्ति तथा व्यवहारप्रति कडा आपत्ति जनाउँदै त्यस्तो कार्य अविलम्व रोक्न आग्रहसमेत गरेका छन् ।

केही दिन अगाडि अमेरिकी राजदूत पिटर वोडीले चार दलका शीर्ष नेताहरूलाई भेटेर जसरी भए पनि निर्वाचन गराएरै छोड्न आग्रह गर्दै नेकपा-माओवादीले निर्वाचनमा भाग नलिए पनि त्यसले कुनै असर नपर्ने भन्दै चार दलका शीर्ष नेताहरूलाई दबाबमूलक सुझाव दिएका थिए । राजदूत वोडीले सुदूरपश्चिमका केही ग्रामीण क्षेत्रको भ्रमणमा गएका बेलामा पनि नेकपा-माओवादी लगायतका अन्य दलहरूले निर्वाचनमा भाग नलिए पनि निर्वाचन नरोकिने अभिव्यक्ति दिएर नेपालको आन्तरिक मामिलामाथि हस्तक्षेप गर्न खोजेको आरोप कोइरालाले लगाएका थिए । कुनै दलले निर्वाचनमा भाग नलिए पनि निर्वाचन हुन्छ र गर्नुपर्दछ भन्दै हिंड्ने काम अन्तर्राष्ट्रिय समुदाय र कूटनैतिक क्षेत्रका अधिकारीको होइन भन्दै उनीहरूले सहयोग र साथ मात्र दिनुपर्ने बताउँदै निर्वाचनका लागि अन्तर्राष्ट्रिय समुदायहरूले सहयोग गर्न सक्ने भए पनि हस्तक्षेप र दबाब दिन नमिल्ने उद्घोष गरेका छन् ।

अन्तर्राष्ट्रिय समुदायले नेपालमा मंसिर ४ मै निर्वाचन वा तोकेको समयमै गर्नुपर्छ भनेर कुनै दलगत प्रचारका लागि पक्ष विपक्षमा लाग्ने कार्य तत्कालै बन्द गर्नुपर्ने बताएका छन् । नेता कोइरालाले उक्त कुरा श्रावण १४ गते एक सार्वजनिक साक्षातकार कार्यक्रममा बताएका हुन् । नेता कोइरालाले समेत मंसिर ४ गते निर्वाचन हुने कुरामा आशंकासमेत जनाएका छन् । चार दल नेकपा-माओवादी, मधेसी जनअधिकार फोरम नेपाल लगायतका असन्तुष्ट दल र खिलराज रेग्मी नेतृत्वको सरकार एकै ठाउँमा नआएको खण्डमा मंसिर ४ गते निर्वाचन हुन नसक्ने ठोकुवासमेत गरेका छन् ।

असन्तुष्ट पक्षलाई निर्वाचनमा सहभागी गराउन चार दल र रेग्मी सरकार लचिलो बन्नु पर्ने बताउँदै चार दलले हामी नै सर्वेसर्वा हौं भन्ने घमण्ड नत्यागेसम्म र खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा नदिएसम्म निर्वाचन हुन नसक्ने उद्घोष गर्दै चार दलीय सिन्डिकेट भङ्ग गर्दै रेग्मीले राजीनामा दिएको खण्डमा निर्वाचनमा हुन सक्ने र असन्तुष्ट दलहरू पनि निर्वाचनमा सहभागी हुने भएको हुनाले त्यसतर्फ ध्यान दिन चार दल र रेग्मीलाई आग्रहसमेत गरेका छन् । त्यति भएमा मात्र निर्वाचनको वातावरण बन्ने कोइरालाको दाबी छ ।

## राप्रपा नेपालको...

बनाउने दौडाहामा खटिएका राप्रपा नेपालका अध्यक्ष कमल थापाले गौर पुगेर भने, अन्य दलहरूले पनि राजा हटाएर गल्ती गरेको स्वीकार गरिसकेकाले नेपालको स्वाधीनता र समुन्नतिका लागि राजालाई पनि उचित स्थान दिन सबै राजनीतिक दलहरू तयार हुनुपर्दछ । राजासहितको लोकतन्त्र नै सबै समस्याको समाधान हुनसक्छ ।

राप्रपा नेपाल सुरूदेखि नै राजतन्त्र, हिन्दूराष्ट्रको पक्षमा उभिएको पार्टी हो । राप्रपा नेपालको स्पष्ट अडानले आम नागरिक र राजनीतिक वृत्तमा समेत राप्रपा नेपालले आफ्नै पहिचान बनाउन सफल भएको छ ।

## चुनाव कसैलाई...

राख्ने सुरसार भइसकेको छ । नितान्त धार्मिक र सामाजिक कार्यमा देशाटन गर्दै हिंडेका (पूर्व)राजाकै चलखेल (?)का कारण निर्वाचन स्थागित गराउनु परेको हो भन्ने 'बहाना' पनि आगामी दिनहरूमा नेपाली जनता सामु राखेर 'दोष' जति जम्मै (पूर्व)राजातिर तेर्साउने कार्यको ठेक्का नेकपा एमाओवादीका वरिष्ठ नेता डा.बाबुराम भट्टराईले लिएको संकेत हालैका दिनहरूमा डा.भट्टराईबाट आउने 'महानवाणी'हरूबाट पनि बुझ्न सकिन्छ । भन्नुको तात्पर्य निर्वाचन चैं मंसिर ४ मै हुनुपर्छ भनेर उफ्रने सबैथरीहरूलाई आज जनता सामु जान हिचकिचाहट छ । त्यसकारण त्यो पक्षलाई यो हुने भनिएको निर्वाचनलाई टार्नु छ, तर प्रमुख दलको नाममा सत्तासिन पनि भइरहनु छ । त्यस्तै यथास्थितिमा निर्वाचन हुँदैहुन्न भन्ने समूह ( जसको नेतृत्व नेकपा-माओवादीले गरिरहेको छ)लाई पनि आफ्नो र आफ्नो पक्षको हविगत के हुने हो- निर्वाचनमा भन्ने चिन्ता छ । अझ त्यो समूह त, वर्तमान राजनीतिक दुर्दशा र असफल भएका कथित प्रमुख दलहरूका विरूद्धमा चर्काचर्का नारा र कार्यक्रम दिएर निराश जनताका माझ बल्ल 'स्थापित' हुन खोजिरहेको देखिन्छ । नेपाली जनतामाझ ज-जसले क्रान्तिकारिता छाँट्यो त्यसले बाजी मार्ने गरेको इतिहास बुझेको त्यो समूहलाई अहिलेको आकर्षक मुद्दा भनेको राष्ट्रियता हो भन्ने कुराको राम्रो ज्ञान छ । त्यसकारण अहिले त्यो समूहलाई (पूर्व)राजा र उनका समर्थकहरूसँग हात मिलाउन पनि कुनै आपत्ति छैन । त्यसो त यहाँ सबैको जन्मकुण्डली सबै सँग दुरूस्त छ । दिल्लीमा सम्पन्न १२ बुँदेदेखि ०६२/६३सम्मको इतिहास र त्यसपछिका घटनाक्रमहरूलाई अध्ययन गर्दा पनि पहिले प्रचण्ड र बाबुरामसँगै रहेका तर अहिले व्यक्तिगत स्वार्थ बाझिएर छुट्टिएका वैद्य समूह अहिले आएर राष्ट्रवादी हुनुको एउटा कारण अन्यलाई (कथित प्रमुख चार दल) अझ खासगरी एमाओवादीलाई राष्ट्रघाती बताएर आफूलाई नेपाली जनतामाझ 'राष्ट्रवादी' पार्टीको रूपमा उभ्याउनु हो । त्यसकालागि अहिले तुरून्तै सम्भव छैन । एक दुईटा क्रान्तिकारी कामहरू गर्नै पर्छ । त्यसका लागि पनि समय चाहियो । ...फेरि नेपाली जनता पनि त्यसै आकर्षित कहाँ हुन्छन् र ? त दुवै थरीका समस्याहरू भिन्न भिन्न होलान्, तर इच्छा दुवैथरीको एकै छ- त्यो हो हुने भनिएको निर्वाचन रोक्नु !! नत्र भने मुख्य कुरा भनेको निर्वाचन (संविधानसभा-२) गराएर संविधान निर्माण गर्नु नै होइन र ? त्यसको लागि किन यत्रो बबण्डर ? किन अहिले नै समस्या माथि समस्या ? यदि दुवैथरीलाई संविधान नै चाहिएको हो भने एउटा पक्षले 'अलिकति' र अर्को पक्षले 'अलिकति' छाडेर अझ भन्नुपर्दा 'वीन-वीन'को अवधारणमा अगाडि बढे भइगो नि ? किन 'मेरो गोरूको बाह्रै टक्का' !! प्रष्ट छ यी दुवैथरी अर्थात् निर्वाचन पक्षधर र निर्वाचन विरोधी दुवैथरीलाई निर्वाचन हरहालतमा चाहिएको छैन । अब त्यो कर्मचारीहरूको सरकारले सेना लगाओस् कि, जासूसहरूको जालो नै किन नलगाओस् !! यो चुनाव असम्भव बन्दै जाँदो छ । सरकारका गृहमन्त्री माधव घिमिरेले सुरक्षा संयन्त्रको बैठकमा भने झैं वैद्य समूहलगायत स-साना दलहरू र तराईका सशस्त्र समूहहरू मात्र निर्वाचन विरोधी भए त पेलेरै (?) पनि संविधानसभा-२ को निर्वाचन गराउन सकिन्थ्यो । तर यहाँ त उच्च स्तरीय राजनीतक समितिमा रहेकाहरूलाई समेत यो चुनाव नभइदिए हुन्थ्यो, जनतासामू तत्काल जान नपरेहुन्थ्यो भन्ने छ । अनि सम्भव होला त- निर्वाचन ? हेर्दै गए हुन्छ, यो निर्वाचन सम्पन्न गराउनका लागि एउटा गाँठो फुक्न पाएको छैन अर्को गाँठो तयार भएर अगाडि आउँछ आउँछ । त्यसकारण यो कर्मचारी सरकार पेल्ने, चुनाव पक्षधरहरू यथास्थितिमा नै मंसिर ४मा निर्वाचन हुनुपर्छ भनेर विरोधीहरूलाई अझ भड्काउने ! अनि निर्वाचन विरोधीहरू चाहिँ आफ्नो लक्ष्य अनुसार यसै पनि भड्किने ? अनि निर्वाचन सम्भव होला त ? कसैलाई छ विश्वास ?

## हिमानी ट्रस्टको उद्देश्य पुरा

काठमाडौं । हिमानी ट्रस्टले साउन १५ गते पत्रकारहरू समक्ष ट्रस्टको उद्देश्य पुरा भएको जानकारी गराएको छ । हामी पीडितहरूलाई सानै भएपनि सहयोग गर्न आएका हौं, त्यो उद्देश्य पुरा भएको छ, पूर्वअधिराजकुमारी हिमानी शाहले बताइन् । स्मरणीय छ, ट्रस्टले दार्चुलामा प्रत्यक्ष र टिकापुर तथा कञ्चनपुरमा जिल्ला दैवी प्रकोप उद्दार समितिमार्फत् राहत वितरण गरेको थियो । हिमानी ट्रस्टले रात वितरणमा सहयोग गर्ने सबैलाई धन्यवाद दिएको छ ।

ट्रस्टका अनुसार ट्रस्टको २५ लाख र ट्रस्टमा प्राप्त १४ लाख गरी ३९ लाख बराबरको सहयोग गरेको छ । ट्रस्टका बारेमा राजनीनिक आक्षेप लागेका सन्दर्भमा इन्कार गर्दै नितान्त मानवीय र पवित्र सेवा भावले बाढीपीडितलाई राहत उपलब्ध गराउन पाएकोमा खुशी व्यक्त गरेको छ ।

## माओवादीभित्र मान्छे बने बाँदर

काठमाडौं । मधेशवादी नेता रामचन्द्र झा र महिला नेतृ उर्मिला अर्यालले एमाले परित्याग गरेर प्रचण्डको टिका थाप्दै एमाओवादीमा प्रवेश गरेको २ महिना नपुग्दै गल्ती गरियो, धोखा खाइयो भन्न थालेका छन् । कार्यसमितिमा मनोनित हुने उच्च सम्मान पाउने उनीहरूको सपना यसरी चकनाचुर भएको छ कि आगामी निर्वाचनमा प्रत्यक्षबाट चुनाव लड्ने टिकट समेत नपाउने स्थितिको सिर्जना भएको छ । यी दुवैलाई पुराना माओवादी कार्यकर्ताहरूले चैते चाखैसे भनेर अपहेलना गर्न थालेका छन् । एमालेमा अक्सर देखिने र सुनिने यी दुवै नेता पेरिसडाँडामै हराएका छन् ।

प्रचण्डले यिनलाई लक्षित गर्दै भनेका छन्, तावाबाट उफ्रेर भुंग्रोमा परेको होइन, भट्टिमै परेका छौ । अब खारिएर नयाँ बस्तु बन्ने छौं भनेपछि बल्खु दरबारमा चर्चा छ रामचन्द्र र उर्मिला मान्छेबाट बाँदर बन्ने त होइनन् !

घरेलु हिंसा-अपराधको जघन्य प्रकार सबै मिली गरौं यसको प्रतिकार ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,
बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार